
फागुन – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क २१ | २०७८, फागुन १-१५ | पूर्णाङ्क ७११



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | ५ |
| **जम्मा** | **२०** |

| | |
|---|---|
| इजलास नं. ८ | ६ |
| इजलास नं. ९ | ५ |
| इजलास नं. १० | ५ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १४ | ५ |
| इजलास नं. १५ | ५ |
| **जम्मा** | **३०** |

**कूल जम्मा २० + ३० = ५०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७८, फागुन – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ९** |
| **१.** | उत्प्रेषण / परमादेश | पुष्पराज पाण्डेय वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **१** |
| **२.** | किर्ते ठगी | विजय गुरूङ भन्ने विजयप्रकाश सुनुवार वि. नेपाल सरकार | **५** |
| **३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. काकु भन्ने अनिल सार्की | **६** |
| **४.** | जबरजस्ती करणी | रूपबहादुर खड्का वि. नेपाल सरकार | **७** |
| **५.** | उत्प्रेषण / परमादेश | प्रयागराज पोते वि. पुनरावेदन अदालत जनकपुरसमेत | **८** |
| **इजलास नं. १** | | | **९ – १०** |
| **६.** | जालसाज | आशबहादुर लिम्बु वि. सुखमाया लिम्बुसमेत | **९** |
| **७.** | उत्प्रेषण | चन्द्रकान्त झा वि. नरदेवी आयुर्वेद चिकित्सालयसमेत | **१०** |
| **इजलास नं. २** | | | **१० – १२** |
| **८.** | बन्दी प्रत्यक्षीकरण | राजा खड्का वि. झापा जिल्ला अदालतसमेत | **१०** |
| **इजलास नं. ३** | | | **१२ – १५** |
| **९.** | उत्प्रेषण | सुर्य विक्रम लिम्बु (चेमजोङ) वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत | **१२** |
| **१०.** | डिजिटल क्यामेरा चोरी पैठारी | राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर वि. मणिधर नेपाल | **१४** |
| **इजलास नं. ४** | | | **१५ – १९** |
| **११.** | उत्प्रेषण / परमादेश | राजन घिमिरेसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत | **१५** |
| **१२.** | घुस / रिसवत लिई भ्रष्टाचार गरेको | नेपाल सरकार वि. रमेशकुमार गौतम | **१६** |
| **१३.** | जबरजस्ती करणी | श्यामलाल सुनार (वि.क.) वि. नेपाल सरकार | **१७** |
| **१४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुदीपकुमार राईसमेत | **१८** |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ६** | | | **१९ – २०** |
| १५. | कर्तव्य ज्यान | यमबहादुर भन्ने यामबहादुर पुलामी मगरसमेत वि. नेपाल सरकार | १९ |
| **इजलास नं. ७** | | | **२० – २३** |
| १६. | बन्दी प्रत्यक्षीकरण | रिन्कु जयसवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | २० |
| १७. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. जनराज शाहीसमेत | २१ |
| १८. | बन्दी प्रत्यक्षीकरण | सोहन, प्रेम, रोहित भन्ने नेत्रबहादुर घर्ती वि. उच्च अदालत पाटनसमेत | २१ |
| १९. | वैदेशिक रोजगार कसुर | मुकुटबहादुर रायमाझी वि. नेपाल सरकार | २२ |
| २०. | बन्दी प्रत्यक्षीकरण | प्रेमाकुमारी गिरी वि. मकवानपुर जिल्ला अदालतसमेत | २३ |
| **इजलास नं.८** | | | **२३ - ३२** |
| २१. | परमादेश | दयाराम हुमागाईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २३ |
| २२. | मिलापत्र बदर | सावित्रीदेवी कलवारनीसमेत वि. राजेशप्रसाद जयसवाल | २४ |
| २३. | लागु औषध कोरेक्स समेत | भगवती चौधरी भन्ने कुमारी चौधरी वि. नेपाल सरकार | २७ |
| २४. | जबरजस्ती करणी तथा बालविवाह | नेपाल सरकार वि. घनश्याम वारी | २८ |
| २५. | जबरजस्ती करणी उद्योग | अमर वि.क. वि. नेपाल सरकार | २९ |
| **इजलास नं.९** | | | **३२ - ३७** |
| २६. | बन्दी प्रत्यक्षीकरण | कृष्णानन्द भट्ट वि. उच्च अदालत पाटनसमेत | ३२ |
| २७. | उत्प्रेषण | कृष्णप्रसाद खड्गीसमेत वि. पुनरावेदन अदालत हेटौंडासमेत | ३३ |
| २८. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. देवबहादुर गुरूङसमेत, डिल्लीराम गुरागाई वि. नेपाल सरकार, गुणराज पौडेल वि. नेपाल सरकार, तारानाथ आचार्य वि. नेपाल सरकार | ३४ |

| | | | |
|---|---|---|---|
| २९. | उत्प्रेषण | मिथलेश सिंह वि. शोभा देवी कौपरसमेत | ३६ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | शैलेन्द्रप्रसाद यादव वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत | ३६ |
| **इजलास नं.१०** | | | ३७ - ३९ |
| ३१. | निषेधाज्ञा | कपिलमणी चौरेल वि. कृषि विकास बैंक लिमिटेड क्षेत्रीय कार्यालय गौशालासमेत | ३७ |
| ३२. | निषेधाज्ञा / परमादेश | देवलाल श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय सिंहदरबारसमेत | ३८ |
| ३३. | निषेधाज्ञा / परमादेश | लताकुमारी प्रधान जोशीसमेत वि. सहरी विकास मन्त्रालय, उपत्यका नगर विकास प्राधिकरण अनामनगर, काठमाडौंसमेत | ३८ |
| ३४. | निषेधाज्ञा | कुलदीप चमार वि. मञ्जुदेवीसमेत | ३९ |
| **इजलास नं.१२** | | | ३९ - ४४ |
| ३५. | जबरजस्ती करणी | नेपाल सरकार वि. भविन खड्का | ३९ |
| ३६. | जबरजस्ती करणी तथा चोरी | नेपाल सरकार वि. सकिल खान | ४० |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राहुल राई | ४१ |
| ३८. | निषेधाज्ञा | चन्द्रकलादेवी साह वि. जितन साहसमेत | ४३ |
| **इजलास नं.१४** | | | ४४ - ४६ |
| ३९. | झुट्ठा एवं नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | राजेन्द्र पौडेल वि. नेपाल सरकार | ४४ |
| ४०. | रेडपाण्डाको छाला ओसारपसार | नेपाल सरकार वि. राजेश ओलीसमेत | ४४ |
| ४१. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. चिन्की थारू | ४५ |
| ४२. | जबरजस्ती करणी | नेपाल सरकार वि. भद्रबहादुर वि.क. भन्ने भद्रे कामी | ४५ |
| ४३. | उत्प्रेषण | शैलेन्द्र उप्रेती वि. अर्थ मन्त्रालय, सिंहदरबारसमेत | ४६ |

| इजलास नं.१५ | | | ४६ - ५२ |
|---|---|---|---|
| ४४. | बन्दी प्रत्यक्षीकरण | जयकिशोर साह वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४६ |
| ४५. | विनाइजाजत एक सिङ्गे गैंडाको खाग ओसारपसार | नेपाल सरकार वि. लक्ष्मीचन्द्र चौलागाई, लक्ष्मीचन्द्र चौलागाई वि. नेपाल सरकार, लक्ष्मीचन्द्र चौलागाई वि. नेपाल सरकार | ४७ |
| ४६. | बन्दी प्रत्यक्षीकरण | गोपाल भन्ने अंगत खत्री वि. भक्तपुर जिल्ला अदालतसमेत | ४९ |
| ४७. | बन्दी प्रत्यक्षीकरण तथा उत्प्रेषण | उद्धवराज पाण्डे वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत | ५० |
| ४८. | निषेधाज्ञा | नवराज पराजुली वि. जिल्ला प्रशासन कार्यालयसमेत | |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WO-०११९, उत्प्रेषण / परमादेश, पुष्पराज पाण्डेय वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

हाम्रो देशको सन्दर्भमा हेर्दा हाम्रो सामाजिक अभ्यासमा प्राकृतिक रूपमा सन्तान प्राप्त गर्न नसकेका दम्पती वा व्यक्तिका हकमा धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने प्रचलन रहेको छ। यो प्रचलनलाई कानूनी रूपमा नै मान्यता प्रदान गरी मुलुकी ऐन धर्मपुत्र धर्मपुत्रीको महलमा धर्मपुत्र वा धर्मपुत्रीको योग्यता, अधिकार र दायित्वका सम्बन्धमा विविध व्यवस्था गरिएको छ। समाजमा पारिवारिक सद्भाव, सामाजिक न्याय र नैतिकता कायम गर्न सामाजिक आवश्यकताको सम्बोधन गर्न धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी सार्वजनिक नीतिगत व्यवस्था कायम गरेको पाइने।

आमा, बाबु र सन्तानबिचको सम्बन्ध या त प्राकृतिक हुन्छ या कानूनी हुन्छ। प्राकृतिक सम्बन्ध आफैँले प्राकृतिक रूपमा जन्म दिएर हुन्छ भने हाल प्रचलित कानूनी व्यवस्थाअनुसार कानूनी सम्बन्ध धर्मपुत्र वा धर्मपुत्रीको ग्रहणबाट हुने हुन्छ। प्राकृतिक रूपमा सन्तान जन्माउने कुरा संविधान प्रदत्त प्रजननसम्बन्धी हकसँग सम्बन्धित छ भने कानूनी रूपमा सन्तान ग्रहण गर्न पाउने कुरा कानूनका सर्तको अधीनमा रहने हुन्छ। उक्त कानूनी व्यवस्था सामाजिक हित कायम गर्ने सार्वजनिक नीतिगत विषय भएको देखिन्छ। सोबाहेक अन्य कुनै पनि तरिकाबाट सन्तान प्राप्त गर्ने कुरा हाम्रो सामाजिक प्रचलनका साथै कानूनी व्यवस्थासमेतको अभाव रहेको।

सरोगेसी सेवा सञ्चालनको विषय विधायिकाद्वारा निर्मित कानूनबाट व्यवस्थित हुनुपर्ने हो, होइन भन्ने प्रश्न प्रस्तुत विवादमा टड्कारो रूपमा खडा भएको छ। सरोगेसी सेवा परोपकारको रूपमा प्रदान गरिएको होस वा व्यावसायिक रूपमा भएको होस यसबाट उत्पन्न हुने समस्यालाई अनदेखा गर्न सकिँदैन। महिलाको कोखको व्यापारिक रूपमा प्रयोग गर्न मिल्ने नमिल्ने ? सरोगेसी प्रक्रियाबाट जन्मेको बच्चाको कानूनी रूपमा आमाबुबा को हुने ? कोख भाडामा दिने महिलाको आफूले जन्म दिएको बच्चाप्रतिको हक के कस्तो हुने ? उक्त बच्चाको जैविक आमाबाबुको हक र दायित्व के कस्तो रहने ? यदि बच्चा विकलाङ्ग जन्मियो भने त्यसको रेखदेख एवं संरक्षणको जिम्मेवारी कसमा रहने ? जन्मपश्चात् DNA नमिलेको भनी सम्झौता गर्ने आमाबाबुले बच्चा ग्रहण गर्न अस्वीकार गरेमा बच्चाको हकको संरक्षण कसरी गर्ने ? कोख भाडामा लिएको महिलाको शरीर वा जीवनको शोषण नहुने व्यवस्था कसरी गर्ने ? नाबालकको अधिकारको संरक्षण कसरी गर्ने ? बच्चाको राष्ट्रियता र सम्पत्तिसम्बन्धी विवादहरू उठेमा के हुने ? बच्चाको जन्म, मृत्यु, विवाह, बसाइसराइ जस्ता व्यक्तिगत घटनाको दर्ता र प्रमाणीकरण के कस्तो हुने ? विवाहित दम्पतीले बच्चा लिने समयमा सम्बन्ध विच्छेद गरेको अवस्था भएमा उक्त बच्चामाथिको हक कसमा रहने ? दम्पतीमध्ये एकले मात्र सम्झौता गरेको भएपछि अर्कोले अस्वीकार गरेमा के गर्ने ? सरोगेसी सेवा प्रदायक व्यक्ति वा संस्थाको पञ्जीकरण व्यवस्थापन तथा उत्तरदायित्वका विषयहरू के कस्तो रहने ? सट्टा आमाको सामाजिक संरक्षण कसरी गर्ने ? सट्टा आमाका अधिकारहरू के कस्तो हुने ? सरोगेसीसम्बन्धी सेवा प्रवाह कानूनसम्मत रूपमा

प्रवाह भए नभएको हेर्ने नियमनकारी निकाय कुन हुने र कसरी नियमन गर्ने ? विवाद उत्पन्न भएमा मुद्दा हेर्ने अधिकारक्षेत्र कुन निकायमा रहने आदि विविध प्रश्नहरू सरोगेसी सेवासँगै अन्तरनिहित भएर आउने।

सरोगेसी सेवा प्रवाहका सम्बन्धमा माथि उल्लेख गरिएका प्रश्नहरूलगायत अन्य कैयौं विषयमा विवाद उत्पन्न हुनसक्ने कुरा स्वाभाविक हुन्छ। यस कुराको पुष्टि सरोगेसी सेवालाई खुल्ला गरेका मुलुकमा अदालतसम्म दायर हुन आएका माथि विभिन्न प्रकरणमा उल्लिखित विवादसमेतबाट पुष्टि भएको छ। विवाहित दम्पतीबाहेक अर्को व्यक्तिमार्फत सन्तान प्राप्ति गर्ने, बच्चाको पितृत्व एवं मातृत्वको निर्धारण गर्ने र बच्चा एवं आमाबाबुको हक अधिकार र दायित्व निर्धारणसम्बन्धी विषय केवल कानूनद्वारा मात्र स्थापित हुने हुन्छ। सो सम्बन्धमा उठान भएका विवादित विषय पनि कानूनबमोजिम नै निरूपण हुने हुन्छ। सरोगेसी सेवा प्रवाहसँगै अन्तरनिहित भएर आउने विवादित प्रश्नहरूको सम्बोधन गर्न सरोगेसी सम्बन्धमा विधायिका निर्मित कानून आवश्यक मात्र नभई अपरिहार्य हुने।

नेपालसरकारलेजारीगरेकोराष्ट्रियस्वास्थ्य नीति, २०७१ को रणनीति नं. १२ मा ***गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक नीतिगत, संस्थागत र व्यवस्थापकीय माध्यमद्वारा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न निम्नअनुसारको रणनीतिहरू (नीति १२ सँग सम्बन्धित) लिइने छ*** भन्ने उल्लेख छ। जसअन्तर्गत रणनीति नं. १२.१४ मा ***बाँझोपनलाई Surrogacy सम्बन्धी कानूनद्वारा व्यवस्थित गरिने छ*** भन्ने उल्लेख भएको पाइन्छ। उक्त स्वास्थ्य नीति संविधान प्रदत्त नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकको संरक्षण तथा नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापनसमेत गर्ने उद्देश्यले जारी भएको देखिन्छ। जसमा बाँझोपनलाई व्यवस्थित गर्न सरोगेसीसम्बन्धी कानून निर्माण गरिने भन्नेसम्म उल्लेख गरेको तर निवेदकले दाबी गरेजस्तो बिना कानून Commercial Surrogacy को सेवा सञ्चालन गर्ने भन्ने उल्लेख गरेको भने नदेखिने।

माथि विभिन्न प्रकरणहरूमा उल्लेख गरिएअनुसार कतिपय मुलुकले कुनै पनि प्रकारको सरोगेसी सेवालाई वैधता प्रदान नगरेको र वर्तमान समयमा विश्वका अधिकांश मुलुकले Commercial Surrogacy लाई फौजदारी अपराध मानी अवैध घोषणा गरिसकेको अवस्थामा विनाकानून मन्त्रिपरिषद्को निर्णयबाट नेपालमा चिकित्सा पर्यटन (मेडिकल टुरिज्म) प्रवर्द्धनको नाममा आमा, बाबु र सरोगेट आमा सबै विदेशी नागरिक भएमा नेपालका स्वास्थ्य संस्थामा सरोगेसी सेवा उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने भनी गरेको निर्णय आफैँमा कानूनको हैसियतको नहुनुका साथै कानूनी मान्यताअनुकूलको समेत देखिएन। मन्त्रिपरिषद्बाट मिति २०७१।६।२ मा भएको उक्त निर्णयले अन्य मुलुकमा गैरकानूनी घोषित भएको Commercial Surrogacy लाई कानूनबिना नै समर्थन तथा प्रश्रय दिएकोसमेत देखिएको हुँदा सो निर्णयलाई कानूनसम्मतको निर्णय मान्न मिलेन। नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट नेपालका अस्पतालहरूबाट विदेशी नागरिकहरूलाई सरोगेसी सेवा उपलब्ध गराउने विषयको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।६।२ को निर्णय बदर गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्को बैठक सङ्ख्या ३५/०७२ मिति २०७२।६।१ मा मन्त्रिपरिषद्को बैठकमा पेस भई उक्त मिति २०७१।६।२ को निर्णय बदर गर्ने निर्णय भएको देखिन्छ। नेपाल सरकार मन्त्रिपरिषद्को

मिति २०७१।६।२ को निर्णय स्वयं मन्त्रिपरिषद्ले नै अनुपयुक्त मानी मिति २०७२।६।१ मा बदरसमेत गरिसकेको हुँदा सो सम्बन्धमा थप बोलिरहनु नपर्ने।

सरोगेसी प्रविधिबाट महिलामा हुनसक्ने शारीरिक र मानसिक हानिको कुनै विचारै नगरी कोख भाडामा दिने र बच्चा जन्माई उपलब्ध गरे गराएबापत रकम लेनदेन गर्ने व्यावसायिक सरोगेसीलाई विनाकानूनी व्यवस्था प्रयोगमा आउन दिनु समाजको लागि घातक मात्र नभएर महिलाहरूको शोषणजन्य कार्यको प्रोत्साहनसमेत हुन जाने हुन्छ। कुनै नारी विवाहपूर्व गर्भवती हुँदा कलंकको लाञ्छना लगाइने समाजमा विना कानूनी व्यवस्था एवं कानूनबमोजिमको नियमनकारी निकायको अनुमति विना सरोगेसी सेवाको प्रविधि व्यवहारमा लागु गर्नलाई छुट प्रदान गर्न मिल्ने हुँदैन। सरोगेसी सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्था ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पिटल प्रा. लि. लाई सरोगेसी सेवा बन्द गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिति २०७२।५।१६ मा निर्णय गरी पत्राचार गरेको र नेपाल सरकार मन्त्रिपरिषद्ले सरोगेसी सेवालाई स्वीकृति प्रदान गर्ने भनी मिति २०७१।६।२ मा गरेको निर्णय मन्त्रिपरिषद्को मिति २०७२।६।१ को निर्णयबाट हाल कायम नरही बदर भइसकेको परिप्रेक्ष्यमा निवेदकको प्रस्तुत निवेदन नै निष्प्रयोजित भइसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य रहेको नदेखिने।

सरोगेसीसम्बन्धी सेवा वा व्यवसाय विधायिका निर्मित कानूनबाट मात्र व्यवस्थित गरिनुपर्ने जन स्वास्थ्य, शिष्टाचार वा नैतिकताको विषय हो। सरोगेसी आमा, ती आमाबाट जन्मने बच्चा र सरोगेसी आमाबाट सन्तान प्राप्त गर्न चाहने जैविक आमाबाबुको हक अधिकारका विषयहरूलाई सम्बोधन गर्ने कानूनी व्यवस्थाको शून्यतामा सरोगेसी सेवा सञ्चालनसम्बन्धी व्यवसाय सञ्चालन गर्नु वा गर्न दिनु सार्वजनिक नीति एवं सार्वजनिक हितविपरीत हुन जाने हुन्छ। सरोगेसी आमाबाट सन्तान जन्माई ग्रहण गर्न पाउने वा त्यस्तो पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने कुरा संविधान प्रदत्त हकको विषय होइन। सरोगेसीबाट सन्तान प्राप्ति गर्ने गराउने व्यवसाय सञ्चालनको विषय संविधानले परिकल्पना नगरेको अवस्थामा यसलाई अधिकारको रूपमा मान्न पनि नमिल्ने।

कुनै पनि कार्यलाई वैध मान्न त्यो कार्य सामाजिक रूपमा स्वीकार्य, नैतिक मूल्य र मान्यतामा उचित हुनुको साथै कानूनबाट स्वीकृत हुनु आवश्यक हुन्छ। त्यस्तो कार्य न्यायपूर्ण छ छैन सोसमेत महत्त्वपूर्ण हुन्छ। सरोगेसी आमा बन्नु कुनै पनि महिलाको स्वेच्छिक परोपकारको चाहना हो वा बाध्यता हो विचारणीय कुरा हो। सन्तान नभएकालाई सन्तान दान दिने परोपकारयुक्त स्वेच्छिक चाहना भए त्यहाँ कुनै रकमकलम वा शुल्क लिने अवस्था नै हुँदैन। जब रकम लिएर सरोगेसी आमा बन्नुपर्ने सम्झौता हुन्छ भने त्यो आर्थिक कमजोरीको बाध्यता हो भन्ने प्रस्ट हुन्छ। आमा र बच्चाबिचको सम्बन्ध शाश्वत, पवित्र र सबैभन्दा नजिकको नाता पनि हो। सरोगेट आमाले आफ्नो कोखमा हुर्काएर जन्माएको बच्चा पूर्वसम्झौताअनुसार अन्य व्यक्तिलाई दिनुपर्ने भए तापनि बच्चाप्रतिको गहिरो मातृत्व रहने नै हुन्छ। केवल आर्थिक अभावको कारण अन्य तेस्रो व्यक्तिको बच्चा आफ्नो कोखमा धारण गर्ने, आफूले गर्भमा राखेर जन्म दिएको बच्चाबाट भौतिक एवं कानूनी रूपमा सदाको लागि टाढा हुने गरी हुने

सम्झौता कुनै पनि महिलाका लागि सहज विषय होइन। आफूले बच्चा जन्माएपछि आमाले त्यो बच्चा अरूलाई सुम्पनु निकै गाह्रो कुरा हो । केही देशमा सरोगेट आमाले बच्चा जन्माएपछि दिन नमानेको तथा बच्चालाई आमाबाट छुटाएपछि त्यस्ता महिलामा मानसिक समस्या भएको दृष्टान्तसमेत पाइएका छन्। यसले सरोगेसी हुने महिलालाई सदाको लागि पीडित बनाउने, सरोगेट आमालाई कुनै पनि दृष्टिले न्याय नगर्ने र यो महिलाको भावना र संवेदनाशीलतासँग गाँसिएको विषय हुँदा यसलाई न्यायपूर्ण मान्न नसकेको कारण अधिकांश देशहरूमा Commercial Surrogacy लाई कानून बनाई बन्देज लगाइएको पाइन्छ। यस्तो अवस्थामा नेपालमा कानून नै नबनाई Commercial Surrogacy सेवा सञ्चालन गर्नु वा गर्न दिनु कुनै पनि हिसाबले उचित मान्न नसकिने।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहर भए तापनि सरोगेसीका सम्बन्धमा चिकित्सा विज्ञानमा भएको विकास र यसको सकारात्मक प्रयोग गर्ने सन्दर्भमा विश्वका विभिन्न देशहरूले कानून निर्माण गरी व्यावसायिक सट्टा आमा (Commercial Surrogacy) लाई निषेध गरेका र कानूनले तोकेको सर्तहरूको अधीनमा रही केवल आफ्ना देशका नि:सन्तान दम्पतिको हकमा भने परोपकारी सरोगेसी सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने गरेको अभ्यास एवं नेपालमा विभिन्न स्वास्थ्य संस्थामा दृश्य वा अदृश्य रूपमा व्यावसायिक प्रकृतिको सरोगेसी सेवा सञ्चालनमा आएको अवस्थालाई मध्यनजर गर्दा नेपालमा व्यावसायिक सरोगेसी सेवालाई नियन्त्रण गर्न र सन्तान सुःख प्राप्त गर्न असमर्थ तथा असक्षम भएका स्वदेशी नि:सन्तान दम्पतीको हकमा सामाजिक चाहनाअनुरूप परोपकारी सट्टा आमा (Altruistic Surrogacy) सम्बन्धी सेवा कानून बनाएर सञ्चालन तथा नियमन गर्न सरोगेसीसम्बन्धी कानूनको निर्माण हुनु आवश्यक भएको हुँदा निम्न विषयहरूको सम्बोधन हुने गरी सरोगेसीसम्बन्धी कानून निर्माण गर्न विपक्षी बनाइएका सरकारी निकायहरूका नाममा प्रस्तुत निर्देशनात्मक आदेश जारी गरिएको छः-

१. महिलाको कोखको व्यापारिक रूपमा प्रयोग गर्न नमिल्ने हुँदा व्यावसायिक सट्टा आमा (Commercial Surrogacy) लाई पूर्ण रूपमा प्रतिबन्धित गर्ने,
२. कमजोर स्वास्थ्य अवस्थाको कारण वा प्रजनन क्षमता नभएको कारण सन्तान सुख प्राप्त गर्न नसक्ने भनी स्वीकृत मेडिकल बोर्डले सिफारिस गरेका नेपाली नागरिक रहेका नि:सन्तान विवाहित दम्पतीलाई मात्र सरोगेसी सेवा उपलब्ध गराउने,
३. नेपाली समलिङ्गी दम्पती वा एकल पुरूष वा एकल महिलालाई सरोगेसी सेवा उपलब्ध नगराउने,
४. कुनै पनि विदेशी नागरिकलाई नेपालमा सरोगेसी सेवा उपलब्ध नगराउने,
५. सट्टा आमाबाट सन्तान प्राप्त गर्न नेपाली नागरिक रहेका नि:सन्तान विवाहित दम्पती दुवैको मन्जुरी हुनुपर्ने,
६. सट्टा आमा हुन चाहने महिला कुनै आर्थिक लाभ आर्जन गर्ने तथा व्यावसायिक दृष्टिले सट्टा आमा हुन नपाउने, केवल परोपकारको भावनाले निजको स्वतन्त्र सहमतिले मात्र सट्टा आमा बन्न सक्ने, इच्छा प्रतिकूल सट्टा आमा बन्न कुनै महिलालाई बाध्य पार्न नपाइने,

७. परोपकारी सट्टा आमा हुन चाहने महिलाको निश्चित तोकिएको योग्यता पूरा हुनुपर्ने जस्तैः निजको उमेरको अवस्था, बच्चा जन्माउन सक्ने स्वास्थ्य अवस्था हुनुपर्ने, निज अविवाहित हुन नहुने, कम्तीमा एउटा सन्तान जन्माइसकेको हुनुपर्ने, कुनै महिला एक पटकभन्दा बढी सट्टा आमा हुन नपाउने, सट्टा आमा हुन निजको पति वा परिवारको उमेर पुगेको कुनै एक सदस्यको समेत मन्जुरी हुनुपर्ने आदि ।

८. नेपाली नागरिकलाई सरोगेसी सेवा उपलब्ध गराउन चाहने स्वास्थ्य संस्थाले पूरा गर्नु पर्ने भौतिक पूर्वाधारका सम्बन्धमा निश्चित मापदण्ड तोकी तोकिएको मापदण्ड पूरा गर्ने स्वास्थ्य संस्थाले कानूनले तोकेको निकाय वा अधिकारीबाट अनुमति पत्र लिएर मात्र कानूनबमोजिम सरोगेसीसम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न सक्ने,

९. कानूनबमोजिम सरोगेसी सेवा लिन चाहने नेपाली दम्पती र सट्टा आमा हुन चाहने महिलाले कानूनले तोकिदिएको निकायमा सरोगेसी सेवा सम्बन्धमा निवेदन दिई उक्त निकायबाट छानबिन गरी सरोगेसी सेवाको लागि योग्य मानी सिफारिस गरेका व्यक्तिहरूका हकमा मात्र स्वास्थ्य संस्थाले सरोगेसी सेवा उपलब्ध गराउने,

१०. सरोगेसी प्रक्रियाबाट जन्मेको बच्चाको कानूनी रूपमा आमाबुबाको निर्धारण गरी बच्चाको आमाबाबुसँगको हक तथा बच्चाप्रतिको आमाबाबुको दायित्वसमेत प्रस्ट गर्ने,

११. सट्टा आमाले आफूले जन्म दिएको बच्चामा के कस्ता हक हुने हो प्रस्ट गर्ने,

१२. बच्चाको व्यक्तिगत घटना दर्ता र पञ्जिकरणको सम्बन्धमा प्रस्ट गर्ने,

१३. सरोगेसीसम्बन्धी सेवा प्रवाह कानूनसम्मत रूपमा प्रवाह भए नभएको हेर्ने नियमनकारी निकायको व्यवस्था गर्ने,

१४. सरोगेसी सम्बन्धमा विवाद उत्पन्न भएमा मुद्दा हेर्ने अधिकारक्षेत्र भएको निकाय कानूनमा नै तोकिदिने,

१५. कानून प्रतिकूल सरोगेसी सेवा प्रदान गर्ने व्यक्ति तथा स्वास्थ्य संस्था एवं सो सेवा लिनेलाई कसुरको मात्राअनुरूप कैद वा जरिवाना वा दुवै सजाय हुनसक्ने कानूनी व्यवस्था गर्ने ।

यो निर्देशनात्मक आदेशको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी सरकारी निकायहरूलाई दिनू । साथै यो निर्देशनात्मक आदेशको पालना भए नभए सम्बन्धमा अनुगमन गर्नु भनी यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई आदेशसहितको जानकारी दिने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असार ३० गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली**, ०७०-CR-१३६१, किर्ते ठगी, विजय गुरूङ भन्ने विजयप्रकाश सुनुवार वि. नेपाल सरकार

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले भनेको वा गरेको कुरा बुझ्न

सक्ने अवस्थामा रहेको थिइन भनी जिकिर लिएको देखिँदैन । अधिकारप्राप्त अधिकारीले कसुर स्वीकार गरी तयार गरिएको कागजमा जबरजस्ती सहीछाप गराएको भनी अदालतको बयानमा उल्लेख गरेको भए पनि के कस्तो जबरजस्ती कार्य भएको हो भनी खुलाउन सकेको देखिएन । प्रहरीले कुटपिट गरी यातना दिई कसुरमा साबिती बयान दिएको भन्नसमेत सकेको देखिँदैन । यस्तो अवस्थामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा लिन मिल्दैन भनी अर्थ गर्न नमिल्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी विजयप्रकाश सुनुवारले प्यारी गुरूङको जग्गा नक्कली जग्गाधनी खडा गरी निजको नागरिकता, जग्गाधनी प्रमाणपुर्जा तथा नक्कली कागजात बनाई सरकारी सहीछाप किर्ते गरी बिक्री गर्ने कार्य गरी गराई निज प्रतिवादीले किर्ते कार्य गरी जाहेरवालालाई रू. २७ लाख ठगीसमेत गरेको भन्ने माथि विवेचित तथ्य र प्रमाणबाट पुष्टि हुँदा प्रतिवादी विजयप्रकाश सुनुवारलाई अभियोग दाबीबमोजिम सजाय हुने ।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार र प्रमाणहरूबाट प्रतिवादी विजय गुरूङ भन्ने विजयप्रकाश सुनुवारलाई अभियोग दाबीबमोजिम २ वर्ष कैद र रू. २ लाख जरिवाना गरी रू. २ लाख प्रतिवादीबाट जाहेरवालालाई भराई दिने ठहर गरेको सुरूको फैसलामा बिगो रू. २७ लाख देखिएकोमा प्रतिवादी विजयप्रकाश सुनुवारलाई बिगो रू. २७ लाखबमोजिम जरिवाना गरी किर्ते कागजको १२ नं. बमोजिम थप १ वर्ष कैदसमेत गर्नुपर्नेमा सो नगरेको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी निज प्रतिवादीलाई ठगीको महलको ४ नं. बमोजिम रू. २७ लाख जरिवानासमेत गरी किर्ते कागजको १२ नं. बमोजिम थप १ वर्ष कैदसमेत हुने र उक्त बिगो रू. २७ लाख प्रतिवादीबाट जाहेरवालालाई भराइदिने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।७।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेष्ठ ६ गते रोज ५ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** *०७२-RC-००७६, कर्तव्य ज्यान, नेपाल सरकार वि. काकु भन्ने अनिल सार्की*

प्रहरीमा कागज गर्ने दिलखुसी वि.क.ले सुरू अदालतमा गरेको बकपत्र हेर्दा मेरा पति मृतक देवराज वि.क.लाई सितला सार्कीले घरमा बोलाई निज र निजका छोराले हतियारले हानी निजहरूकै कर्तव्यबाट मेरो लोग्ने देवराज वि.क.को मृत्यु भएकोले प्रतिवादीहरूलाई अभियोग माग दाबीअनुसार सजाय हुनुपर्दछ भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादीका साक्षी जितबहादुर सार्की प्रतिवादीहरूले मृतक देवराजलाई कर्तव्य गरी मारेका होइनन् सफाइ पाउनुपर्दछ भनी बकपत्र गरेको भएपनि मृतक देवराजले सितला सार्कीको हात समातेको देखी छोरा अनिलले आमाको हात छुटाउन मृतकलाई धकेली दिँदा निज दाउको खलियोमा ठोक्किन गई टाउकोमा चोट लागेको हो भन्ने कुरालाई स्वीकारै गरेको देखिन्छ भने निज घटनास्थलमा देख्ने सुन्ने साक्षीको रूपमा रहेको भनी खुल्न आएको पनि नदेखिएको अवस्थामा निज प्रतिवादीका साक्षीको भनाइलाई विश्वसनीय मान्नुपर्ने नदेखिने ।

मृतक देवराज वि.क. मिति २०६९/१२/१४ गते साँझ मेरो घरमा आई मेरो आमासँग अनुचित कार्य गर्न लागेको शंका मानी मेरो घरमा रहेको बाँसको

लाठी हातमा लिई जोडले निजको २ पटक हातमा र १ पटक टाउकोमा हिर्काएको हुँ सोही चोटका कारण निजको मृत्यु भएको हो भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको अदालतसमक्षको बयान बेहोराबाट पनि मृतक देवराज वि.क.रक्सी खाई हाम्रो घरमा आई मेरो मम्मी सितला सार्कीको हात समातेको देखी निजले गलत विचारले हात समातेको सम्झी मैले मम्मीको हात छुटाएँ र निजलाई धकेली दिँदा निज मृतक आँगनमा रहेको दाउको खलियोमा ठोक्किन पुगी भागेका हुन् भनी गरेको बयान बेहोरा हेर्दा आफ्नो जन्म दिने आमालाई कसैले अनुचित कार्य गर्न लागेको अवस्थामा प्रहार गरेको अवस्था देखिन आएकोले निजलाई अभियोग दाबीबमोजिम सजाय गर्दा चर्को पर्न सक्ने देखिँदा मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्षको कैद सजाय गर्न मनासिब देखिएको भनी सुरू बर्दिया जिल्ला अदालतले व्यक्त गरेको राय सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार १० गते रोज ६ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-००६८, जबरजस्ती करणी, रूपबहादुर खड्का वि. नेपाल सरकार

प्रतिवादी रूपबहादुर खड्काले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाँडको सुरमा पीडित बालिकालाई आफ्नो घरभित्रको खाटमा समाती आफ्नो काखमा राखी निजको गुप्ताङ्गलगायतका शरीरका सबै अङ्ग मुसारेको, बालिका काखमा आई टाँसिन थालेपछि मैले संवेदनशील अङ्ग सुम्सुम्याउदै दायाँ हातको कान्छी औंला पुरै निज बालिकाको योनिभित्र घुसाएको हुँ भनी बयान गरेको देखिन्छ भने अदालतसमक्ष आई बयान गर्दा मेरो औंलाले योनिमा छोइनाले नङ्गले कोतरिन गई सुन्निएर रगत आएको हो भनी उल्लेख देखिने।

जाहेरी दरखास्त एवं जाहेरवाली तथा पीडितले अदालतसमक्ष आई गरेको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको बयान, घटनास्थल प्रकृति मुचुल्का, पीडितको स्वास्थ्य जाँच प्रतिवेदन तथा सो प्रतिवेदनलाइ समर्थन हुने गरी विशेषज्ञले अदालतसमक्ष आई गरेको बकपत्रलगायतका मिसिल संलग्न प्रमाण कागजातहरूबाट यी प्रतिवादीले जाँडको सुरमा आफ्नो घरभित्र एक्लै बसेको अवस्थामा पीडित नाबालिकालाई काखमा राखी शरीरको विभिन्न अङ्गलगायत संवेदनशील अङ्गमा समेत सुमसुम्याई बलपूर्वक पीडितको योनिभित्र आफ्नो दायाँ हातको कान्छी औंला घुसाइ तलमाथि गरी योनिबाट रगत निकाली कन्याजाली च्यात्नेसम्मको कार्य गरी बालिकाको योनिबाट रगत बगी जोडले चिच्याएको कारण छोडेको भन्ने तथ्यलाई उल्लिखित प्रमाणहरूले मालाकार (Chain of Evidence) रूपमा पुष्टि प्रमाणित भएको देखिन आउने।

जहाँसम्म सो कार्य यौन तृप्तिको मनसायबाट गरेको होइन भन्ने प्रतिवादीको कथनतर्फ विचार गर्दा मनसाय आफैँमा सादृश्य विषय होइन । यो व्यक्तिले गरेको कार्य, आचरण, प्रकृति र स्वरूपबाट निर्क्यौल गरिने विषय हुन् । प्रस्तुत सन्दर्भमा यी प्रतिवादीले पीडितलाई काखमा राख्नु, समात्नु र सुम्सुम्याउनुको अन्तरनिहित उद्देश्यका आधारमा

प्रतिवादीको मनसाय तत्त्वको पहिचान गर्नुपर्ने हुन्छ । पीडित ४ वर्षकी नाबालिकालाई जाँड खाएको सुरमा आफ्नो घरभित्र एकान्त पारी बालिकालाई काखमा राख्नु, पीडितको शरीरका संवेदनशील अङ्गहरू सुम्सुम्याउनु र यतिले मात्र नपुगी पीडितको योनिभित्र औंला घुसाई कन्याजाली च्यातिने गरी तलमाथि गरी रगतपिच्छे गराउनु र पीडित बालिकाले पीडाले जोडले चिच्याउन थालेपछि प्रतिवादीले छाडिदिएको भन्ने स्थापित तथ्यको आधारमा हेर्दा सो कार्य यौन तृप्तिको मनसाय वा अप्राकृतिक मैथुनबाहेक अन्य उद्देश्य अन्तरनिहित थियो होला भनी सामान्य अनुमानसम्म गर्न मिल्ने अवस्था नहुँदा प्रस्तुत पुनरावेदन जिकिर एवं विद्वान् वैतनिक कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

जबरजस्ती करणीको महलको ९क. नं. मा कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नं. बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी मनासिब क्षतिपूर्तिसमेत भराइदिनुपर्छ भन्ने कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीलाई जबरजस्ती करणीको ३(१) नं. बमोजिम तजबिजी १० (दश) वर्ष कैद र ऐ. ९(क) नं. बमोजिम थप १ (एक) वर्ष कैद गरी प्रतिवादीबाट पीडितलाइ रू.३०,०००।– (तीस हजार) क्षतिपूर्ति भराउने गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७२।०१।०६ मा भएको फैसला सदर हुने ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।०९।२० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल

इति संवत् २०७५ साल श्रावण १५ गते रोज ३ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-०५८२, उत्प्रेषण / परमादेश, प्रयागराज पोते वि. पुनरावेदन अदालत जनकपुरसमेत

रिट निवेदक प्रयागराज पोतेउपर जिल्ला प्रशासन कार्यालय सर्लाहीमा दूषित खाद्य पदार्थ बिक्री वितरण मुद्दा चलेको तथ्यमा पनि विवाद छैन । मुद्दा दायर भएपश्चात् विपक्षी जिल्ला प्रशासन कार्यालय सर्लाहीले निवेदक प्रतिवादीको नाममा मिति २०६५।६।२९ गते ३० दिने म्याद जारी गरेको देखिन्छ । निवेदकको नाममा जारी भएको म्याद सूचना जिल्ला प्रहरी कार्यलयमार्फत इलाका प्रहरी कार्यालय हरिऔनलाई तामेल गर्न लेखी पठाएअनुसार इलाका प्रहरी कार्यालय हरिऔनबाट खटेका विपक्षी प्रहरी सहायक निरीक्षक मनोज न्यौपाने र प्रहरी हवल्दार मोहनराज पोखरेलले निवेदक / प्रतिवादी आफैँले आफ्नो नामको म्याद बुझेको, साक्षी निवेदक प्रतिवादीको बसोबास भएको वडा नं. ९ भन्दाबाहेक वडा नं. ८ बस्ने सम्भुदिन राइन, ऐ. बस्ने शेख महबुब र गा.वि.स.का प्रतिनिधि सहायक सचिव चित्रबहादुर वि.क. को रोहवरमा म्याद तामेल भएको भन्ने कुरा तामेली म्यादबाट देखिन्छ । रोहवरमा बसेका भनिएका चित्रबहादुर वि.क. को नाम लेखिनुभन्दा पहिले राजकुमार थापा लेखेको देखिएकोमा त्यो नाम काटी त्यसको माथि चित्रबहादुर वि.क. लेखिएपछि नाम काटेर थपेको ठाउँमा सही छाप गराएको नदेखिने ।

म्याद कानूनबमोजिम रीतपूर्वक तामेल भएको हुँदैन भने त्यस्तो तामेली म्यादको आधारमा भएको फैसलासमेतबाट प्राकृतिक न्यायको सिद्धान्त हनन् भएको मान्नुपर्ने अवस्था आउँछ । कुनै पनि

व्यक्तिउपर चलेको मुद्दामा कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई हनन गर्न मिल्दैन । जोसुकैउपर लागेको अभियोगमा अभियोग लागेको व्यक्तिले प्रतिवाद गर्न पाउने त्यस्तो कानूनी हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित हुने हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको काम कारबाहीले वैद्यता प्राप्त गर्न सक्दैन भन्ने सम्बन्धमा यस अदालतको पूर्ण इजलासबाट निवेदक वीरबहादुर राउत अहिर विरूद्ध गृह मन्त्रालयसमेत भएको (ने.का.प. २०६८, मङ्सिर, नि.नं. ८६६३, पृष्ठ १२७६) उत्प्रेषण / परमादेश मुद्दामा समेत सिद्धान्त प्रतिपादन भइसकेको ।

निवेदकले माग गरेबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा माथि गरिएको विवेचनासमेतबाट निवेदक नामको म्याद नै अ.बं. ११० नं. को रीत नपुगी तामेल भई प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत भएको देखिएको र बेरीतको तामेली म्यादको आधारमा कसुरदार ठहर गर्दा निवेदकको संविधान प्रदत्त समानता, स्वतन्त्रता र न्यायसम्बन्धी हकमा प्रतिकूल असर पर्ने देखिँदा निवेदकलाई १ वर्ष कैद सजाय र रू. ७,०००।- जरिवाना हुने ठहरी जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट मिति २०६७।१२।१७ मा भएको निर्णय, मिति २०६५।७।२७ को तामेली म्यादलगायत निर्णयपश्चात् भएका अन्य काम कारबाहीसमेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) र नेपालको संविधानको धारा १३३ को उपधारा (२), (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक प्रयागराज पोतेउपर जिल्ला प्रशासन कार्यालय सर्लाहीमा चलेको दूषित खाद्य पदार्थ बिक्री वितरण मुद्दामा कानूनबमोजिम म्याद तामेल गरी बयान र प्रतिवाद गर्ने मौका प्रदान गर्न जिल्ला प्रशासन कार्यालय सर्लाहीको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७५ साल श्रावण २८ गते रोज २ शुभम् ।

## इजलास नं.१

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** *०६६-CR-०६७८, जालसाज, आशबहादुर लिम्बु वि. सुखमाया लिम्बुसमेत*

यसमा वादी कृष्णबहादुर लिम्बु प्रतिवादी मेरो पिता अम्बर बमबहादुर लिम्बुसमेत भएको जग्गा खिचोला मुद्दामा मिति २०३८।१०।२० को आदेशबमोजिम झगडा परेको जग्गाको नक्सा हुँदाका अवस्थामा माथि उल्लिखित चार किल्लाभित्रको जग्गा न.नं. १४७ मा परी नक्सा कुण्डली तथा नक्सा कैफियतसमेतमा मेरो बाबुको जग्गा हो भन्ने कुरा र आफ्नो जग्गा न.नं. १५१ मा परेको भनी स्पष्ट खुलाई यी प्रतिवादीका पति / ससुरा मोहन सिंह लिम्बुले उक्त फिराद दाबीको नक्सामा सनाखतमा समेत बसी जग्गा मेरो पिताको ठहर कायम रहे भएको स्पष्ट हुँदा उक्त जग्गा विपक्षीहरूले म घरमा नभई विदेश गएको समयमा जालसाजपूर्ण तरिकाले नापी गरी दर्ता गरेको हुँदा सो बदर गरिपाउँ भन्ने वादी दाबी रहेकोमा विपक्षीले नापी र मालपोत कार्यालयमा गई कुनै विवाद गर्न सक्नुभएकोसमेत नहुँदा मालपोत कार्यालयबाट भएको मिति २०५३।१२।२७ को दर्ता निर्णय सदर राखी विपक्षी फिरादीको झुट्टा दाबीबाट फुर्सद दिलाइपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको छ । यसमा वादी दाबी नपुग्ने भनी सुरू जिल्ला अदालतबाट फैसला भएकोमा सुरू जिल्ला अदालतले गरेको

फैसला मिलेको नदेखिँदा केही उल्टी गरी पुनरावेदक वादीको पुनरावेदन जिकिर खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसलामा चित्त नबुझी वादीको यस अदालतमा पुनरावेदन दायर हुन आएको देखिने।

यसमा यसै लगाउको ०६६-CI-०९३३ नं. को नापी दर्ता स्रेस्ता बदर गरी हक कायम गरी मेरो नाममा दर्ता गरिपाउँ भन्ने मुद्दामा आज यसै इजलासबाट पुनरावेदन खारेज हुने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दामा पनि सोही आधार र कारणबाट यी पुनरावेदक वादीको पुनरावेदन खारेज हुने ठहर्छ। यी पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल चैत्र ९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** *०६९-WO-०६१६, उत्प्रेषण,* चन्द्रकान्त *झा वि. नरदेवी आयुर्वेद चिकित्सालयसमेत*

यस अदालतबाट रिट नं. ०६७-WO-०२४१ मा भएको आदेशानुसार सरूवा भएका उमेशप्रसादलाई जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दोलखामा फिर्ता पठाउने गरी आयुर्वेद विभागबाट जारी भएको मिति २०६७।५।६ को च.नं. १३६ को निर्णयबाट सरूवा भएको स्थान नरदेवी आयुर्वेद चिकित्सालय नरदेवीमा कामकाज गराउनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी भएपछि सहायक स्तर पाँचौका उमेशप्रसाद साह सो कार्यालयमा हाजिर भई कामकाज गरेको देखिँदा एउटै निर्णयबाट सरूवा भएका यी रिट निवेदक चन्द्रकान्त झासमेतलाई नरदेवी आयुर्वेद चिकित्सालयले मिति २०६९।८।२४ गते च.नं. २५३ बाट बरबुझारथ रमाना लिनु भनी दिएको पत्र कानूनसम्मत नै देखिन आयो । यस अदालतको आदेश एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर) को मिति २०६७।१।६ को निर्णयानुसार निजको पदाधिकार जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दोलखा रहेको देखिएकोले सरूवा गर्ने अधिकारप्राप्त अधिकारीले नियमानुसार गरेको सरूवाको आधारमा दिएको पत्रलाई अन्यथा भन्न मिलेन । एउटै कार्यालयमा दरबन्दीभन्दा बढी कर्मचारी राख्न नमिल्ने अवस्था हुँदा सरूवा भएपछि आफ्नो सरूवा भएको कार्यालयमा रमाना लिई जानु स्वाभाविक र नियमित प्रक्रिया रहेबाट यी निवेदकलाई सरूवा भएको दरबन्दी रहेको कार्यालयमा जान पत्राचार भएकोलाई स्वाभाविक रूपमा नै मान्नुपर्ने।

अतः माथि विवेचित आधार कारणहरूसमेतबाट विपक्षी नरदेवी आयुर्वेद चिकित्सालयको प.सं.०६९/७० च.नं. २५३ मिति २०६९।८।२४ को पत्र र सो सम्बन्धमा भए गरेका काम कारबाही कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाट भएको देखिँदा बदर गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत्र ११ गते रोज ४ शुभम्।

## इजलास नं.२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७५-WH-०००७,

बन्दीप्रत्यक्षीकरण, राजा खड्का वि. झापा जिल्ला अदालतसमेत

रिट निवेदकले अनुसन्धान अधिकारी र अदालतसमक्ष कसुरमा इन्कारी रही बयान गरे तापनि मौकामा कागज गर्ने मकरबहादुर देवानले प्रतिवादी र जाहेरवाली आफ्नो घरमा श्रीमान् श्रीमती रही बसेको र निजहरू एउटै कोठामा सुत्ने बस्ने गरेकाले जाहेरवालीलाई करणी गरेको विश्वास लाग्छ भनी घटना विवरण कागज गरेको अवस्था देखिन्छ । मुलुकी ऐन, जबरजस्तीको महलको १ नं.ले कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने कानूनी व्यवस्था भएकोमा यी प्रतिवादीउपर झापा जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणी मुद्दामा अनुसन्धानका क्रममा सङ्कलित तत्काल प्राप्त प्रमाणहरूको आधारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको आदेशलाई उच्च अदालत विराटनगर, इलाम इजलासबाट सदर कायम भई सो आदेशउपर यस अदालतमा असाधारण अधिकार क्षेत्रको प्रयोग गरी रिट दर्ता गरेको पाइने ।

यी निवेदक प्रतिवादीउपर जाहेरवालीले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिएको, मौकामा कागज गर्ने मकरबहादुर देवानसमेतले जाहेरवाली र प्रतिवादी एउटै कोठामा श्रीमान् श्रीमती भएर सँगै सुत्ने बस्ने गरेका हुन्, जबरजस्ती करणी गरेको विश्वास लाग्छ भनी कागज गरेको देखिँदा प्रतिवादीउपर वादी नेपाल सरकारले मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को कसुरमा सोहीको ३(५) नं. बमोजिम सजाय गरी ऐ.ऐनको १० नं. बमोजिम क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने मुख्य अभियोग मागदाबी भई उक्त दाबीबमोजिम प्रमाणहरूको मूल्याङ्कन र विश्लेषण गरी प्रमाण ऐन, २०३१ को दफा २५ ले कसुर प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा नै निहित रही सोही आधारमा सजाय निर्धारण गर्ने कार्य सुरू जिल्ला अदालतको क्षेत्राधिकारको विषय भएको । साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउनेसमेत असाधारण क्षेत्राधिकारको मकसद हुन नसक्ने ।

नियमित वा सामान्य क्षेत्राधिकारको विकल्प असाधारण क्षेत्राधिकार पनि होइन । असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकार पनि होइन । यसरी असाधारण क्षेत्राधिकारलाई साधारण क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकारको रूपमा लिने हो भने साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकारबिच अन्तर नै मेटिन पुग्दछ र साधारण क्षेत्राधिकारको औचित्य नै समाप्त हुन जाने ।

निवेदकउपर लगाइएको अभियोग सोही आधारमा थुनामा राख्न पठाएको सुरू झापा जिल्ला अदालतबाट भएको आदेश र उक्त आदेशलाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर इलाम इजलासको आदेश मुलुकी ऐन अ.बं.११८(२) नं.मा भएको को कानूनी व्यवस्थालाई असंवैधानिक छ भनी चुनौती दिन नसकेको अवस्था हुँदा थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी मातहत अदालतबाट भएको आदेश असंवैधानिक तथा गैरकानूनी रहेको भन्ने देखिन नआउने मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत प्रमाणको यथोचित मूल्याङ्कन गरी

निरूपण भई टुङ्गो लाग्ने विषयमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने, अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुन जाने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नारायण सापकोटा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल मङ्सिर २३ गते रोज १ शुभम्।

## इजलास नं.३

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** *०६८-WO-०२१३, उत्प्रेषण, सुर्य विक्रम लिम्बु (चेमजोङ) वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत*

कुटनीतिक सुविधा प्राप्त राजदूत, दूत र प्रतिनिधिको सूचीमा मिसिल संलग्न नेपाल सरकारको परराष्ट्र मन्त्रालयबाट २०६६ श्रावणमा प्रकाशित LIST OF DIPLOMATIC AND CONSULAR CORPS AND OTHER REPRESENTATIVE मा Diplomatic staff-British Gurkhas Nepal अन्तर्गत Lt. Col. A.P.M. Griffith Field Director Gurkha Welfare Scheme को नाम उल्लेख भएको पाइन्छ। उक्त LIST OF DIPLOMATIC AND CONSULAR CORPS AND OTHER REPRESENTATIVE अनुसार Lt. Col. A.P. M. Griffith कुटनीतिक सुविधा प्राप्त व्यक्ति रहेको भन्ने देखिन्छ। बेलायत एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो। अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त तथा सम्बन्धित राष्ट्रको कानूनबमोजिम कुनै पनि मुलुकको राजदुतावास, राजदूत, दूत र प्रतिनिधिलाई कुटनीतिक सुविधा प्राप्त हुने।

कुटनीतिक प्रतिनिधिलाई व्यक्तिगत हैसियतका मुद्दा मामिला तथा कामकारबाहीबाहेक निजहरूको औपचारिक काममा सबै फौजदारी, देवानी तथा प्रशासकीय अधिकार क्षेत्रबाट उन्मुक्ति हुने देखिन्छ। विदेशी राजदूतावास र राजदूतावासका अधिकारीहरूले गरेको औपचारिक काममा Vienna Convention on Diplomatic Relation लगायत अन्तर्राष्ट्रिय कानूनको मान्यताले उन्मुक्ति प्राप्त गर्दछ। गोरखा वाइलफेयर स्किम बेलायती दूतावासअन्तर्गतको British Gorkhas Nepal बाट सञ्चालित रहेको र कुटनीतिक सुविधा प्राप्त संस्था नरहेको भन्ने परराष्ट्र मन्त्रालयबाट जानकारी आएको श्रम अदालतको फैसलाबाट देखिन्छ। परराष्ट्र मन्त्रालयको उक्त जानकारी पत्रबाट गोरखा वाइलफेयर स्किम कुटनीतिक सुविधा प्राप्त संस्था रहेको भन्ने देखिँदैन। जहाँसम्म उक्त संस्थाको Field Director Lt. Col. A.P. M. Griffith भने कुटनीतिक सुविधा प्राप्त व्यक्ति भएको र निजले नै निवेदकलाई पदबाट अवकाश दिएको देखिन्छ। Lt. Col. A.P. M. Griffith को उक्त कार्यले कुटनीतिक उन्मुक्ति पाउँछ वा पाउँदैन भन्ने सम्बन्धमा हेर्दा निजले बेलायतको राजदूत, दूत र प्रतिनिधिको हैसियतमा औपचारिक काममा आधारित नभई कुटनीतिक सुविधा प्राप्त नभएको संस्थामा रहेर कार्य गरेको पाइन्छ साथै निवेदकलाई दिएको नियुक्तिपत्रमा The GWs staff regulations have recently been updated. This letter and the attached statement of particulars expasins to you the principle terms and conditions of your employment which are in accordance

with GWS staff regulations. **You are also employed in accordance with Nepal employment law** भनी नेपाली कानून लागु हुने उल्लेख भएको र लिखित जवाफमा पनि नेपाली कानून लागु हुने अवस्थामा लागु हुने भन्ने देखिएको हुँदा गोरखा वाइलफेयर स्किमबाट भएको काम कारबाहीमा स्थानीय कानून लागु हुने नै देखिन्छ। उपर्युक्त परराष्ट्र मन्त्रालयको पत्रसमेतका आधारबाट गोरखा वाइलफेयर स्किम कुटनीतिक सुविधा तथा उन्मुक्ति प्राप्त निकाय रहेको भन्ने देखिन नआउने।

दबाब तथा करकापबाट निवेदकले दिएको राजीनामा स्वीकृत गरेउपर डाइरेक्टरसमक्ष दिएको पुनरावेदन निजसमक्ष पुग्नै नदिई फिल्ड डाइरेक्टर A.P.M. Griffith ले नै सदर गरेको कार्य प्राकृतिक न्याय तथा श्रम कानूनविपरीत रहेको छ। आचरणको विषयमा केन्द्रित रही पुनर्बहाली नगरी ६ महिना बराबरको क्षतिपूर्ति भराउने श्रम अदालतको फैसला नमिलेको भन्ने निवेदन जिकिरतर्फ हेर्दा, Gurkha Welfare Scheme का फिल्ड डाइरेक्टर A.P.M. Griffith तथा निजले खटाएको टंकबहादुर लिम्बूले राजीनामा दिन दबाब दिएकोले विवाद नहोस् भनी निज टंकबहादुर लिम्बूसमक्ष विपक्षीहरूकै परामर्शमा १७ अप्रिल २००९ मा १ अक्टुबर २००९ देखि लागु हुने गरी दिएको राजीनामा १८ अप्रिल २००९ देखि नै लागु हुने गरी स्वीकृत भएको भनी निवेदकले उल्लेख गरेको देखिन्छ । निवेदकले स्वइच्छाले राजीनामा दिएकोले स्वीकृत भएको भन्ने विपक्षीको जिकिर छ। विपक्षीको परामर्शमा राजीनामा दिएको कुरा निवेदकले रिट निवेदनमा उल्लेख गरेको देखिन्छ। १७ अप्रिल २००९ मा दिएको राजीनामा १ अक्टुबर २००९ देखि लागु हुने गरी दिएको भन्ने पाइन्छ। उक्त राजीनामा १८ अप्रिल २००९ देखि नै लागु हुने गरी स्वीकृत भएको निवेदनमा उल्लेख छ । यसरी राजीनामा स्वीकृत भएपछि निवेदकले उक्त राजीनामालाई करकापको संज्ञा दिई पुनरावेदन गरेको पाइन्छ । आफैँले दिएको राजीनामाउपर पुनरावेदन गरेको विषयमा प्राकृतिक न्यायको सिद्धान्त लागु हुने अवस्था देखिँदैन । प्राकृतिक न्यायको सिद्धान्त अर्को पक्षले दिएको उजुरी वा दाबीमा विपक्षीलाई नझिकाई सुनुवाइबाट बञ्चित गरेमा लागु हुन्छ । एरिया वाइलफेयर असिष्टेन्स अफिसरको पदमा रहेको निवेदकले विपक्षीकै परामर्शमा केही समयपछिबाट लागु हुने गरी राजीनामा दिएको भन्ने कुरा स्वीकार गरेपछि सो राजीनामा अघिकै मितिबाट स्वीकृत भएपछि त्यसलाई दबाबबाट भएको भनी तर्क गरेको उचित देखिँदैन । रिट निवेदनमा एकातिर विपक्षीको परामर्शमा राजीनामा दिएको भन्ने पाइन्छ भने अर्कोतिर दबाबमा राजीनामा दिएको भनी विरोधाभाष देखिएको छ । राजीनामा दिएको कुरा स्वीकार गरिसकेपछि पुनः होइन वा दबाब भनी मुद्दा गर्दै जाने कार्य सामान्य समझको व्यक्तिलाई अशोभनीय हुन्छ। श्रम कानून लागु हुन कानूनविपरीतको बर्खास्तीहुनु पर्दछ। आफैँले दिएको राजीनामा स्वीकृत भएको अवस्थामा श्रम कानून लागु हुने अवस्था देखिँदैन। अतः निवेदकले १ अक्टुबर २००९ देखि लागु हुने गरिदिएको राजीनामाको अवस्थालाई विचार गरी निजलाई ६ महिना बराबरको पारिश्रमिक क्षतिपूर्ति स्वरूप भरी पाउने ठहर गरी श्रम अदालतबाट मिति २०६८।२।२७ मा भएको फैसला मिलेकै देखिने।

अतः माथि विवेचित कानूनी आधार, कारण र प्रमाणहरूसमेतबाट श्रम अदालतबाट भएको मिति २०६८।२।२७ को फैसलाले निवेदकको मौलिक हक हनन भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज

हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** *०६७-CR-०२३६, डिजिटल क्यामेरा चोरी पैठारी, राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर वि. मणिधर नेपाल*

भन्सार ऐन, २०१९ को दफा ३४क मा यस ऐनअन्तर्गत भन्सार अधिकृतलाई भएको सबै वा केही अधिकार नेपाल सरकारले कुनै अधिकारीलाई तोकी सुम्पन्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। मिसिल संलग्न मिति २०६२।३।२९ को नेपाल सरकार, मन्त्रिस्तरीय निर्णयको प्रतिलिपिबाट राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक सुवासधर शाक्यलाई भन्सार ऐन, २०१९ को दफा ३४क बमोजिम भन्सार अधिकृतलाई भएको सबै अधिकार प्रयोग गर्न पाउने गरी तोकी अधिकार प्रदान गरेको देखिन्छ। राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक सुवासधर शाक्यले प्रत्यर्थी प्रतिवादी फोटो कन्सर्न प्रा.लि. ले डिजिटल क्यामेरा चोरी पैठारी गरेको सम्बन्धमा मिति २०६२।८।१९ मा निर्णय गरेको देखिन्छ। उपर्युक्त उल्लिखित कानूनी व्यवस्था तथा नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट भन्सार अधिकृतलाई भएका सबै अधिकार प्रयोग गर्न पाउने गरी राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक सुवासधर शाक्यलाई तोकी सोहीअनुरूप निजले निर्णय गरेको देखिएकोले राजस्व अनुसन्धान विभागका उपमहानिर्देशकले मिति २०६२।८।१९ मा गरेको निर्णयमा अधिकारक्षेत्रको अभाव रहेको भन्न नमिल्ने।

आफूले निकासी वा पैठारी गरेको मालवस्तुको भन्सार तिरेको प्रमाण पुऱ्याउनुपर्ने कानूनी दायित्व सो मालवस्तु निकासी वा पैठारी गर्नेको रहेकोमा प्रतिवादी फोटो कन्सर्न प्रा.लि. ले विदेशमा निर्मित डिजिटल क्यामेरा खरिद एवम् बिक्री गरेको देखिएको, विदेशबाट आयात गर्दा भन्सार महसुल तिरेको प्रमाण कागज पेस गर्न नसकेको तथा उक्त क्यामेरा स्थानीय बजारमा खरिद गरेको भए सो खरिद गरेका बिलहरू पेस गर्न नसकेको अवस्था हुँदा प्रतिवादी फोटो कन्सर्न प्रा.लि.ले डिजिटल क्यामेरा चोरी पैठारीको कसुर गरेको देखिने।

भन्सार ऐन, २०१९ को दफा ३४क बमोजिम भन्सार अधिकृतलाई भएको सबै अधिकार प्रयोग गर्न पाउने गरी राजस्व अनुसन्धान विभागका उपमहानिर्देशक सुवासधर शाक्यलाई तोकिएको र निजले आफूलाई प्राप्त अधिकारअन्तर्गत निर्णय गरेको देखिएकोले अधिकारक्षेत्रको अभाव रहेको भन्ने आधारमा राजस्व अनुसन्धान विभागको निर्णय बदर हुने ठहर गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला त्रुटिपूर्ण रहेको देखिन आयो। प्रत्यर्थी प्रतिवादी फोटो कन्सर्न प्रा.लि. ले विदेशमा निर्मित डिजिटल क्यामेरा बिक्री गरेको पुष्टि भइरहेको तर डिजिटल क्यामेरा पैठारी गर्दा भन्सार महसुल तिरेको प्रज्ञापन पत्रलगायतका कागज प्रमाण पेस गर्न नसकेको तथा स्थानीय बजारमा खरिद गरेको रसिद, प्रमाणबाट पुष्टि गर्न नसकेकोले पुनरावेदन जिकिरबमोजिम प्रत्यर्थी प्रतिवादी फोटो कन्सर्न प्रा.लि. ले डिजिटल क्यामेरा बिक्री गरेको मूल्य रू. ३२,७२,७२७।- बराबरको डिजिटल क्यामेरा चोरी पैठारी गरेको देखिने।

अतः माथि प्रकरणहरूमा विवेचना गरिएबमोजिम राजस्व अनुसन्धान विभागका

उपमहानिर्देशकलाई प्रस्तुत मुद्दामा निर्णय गर्ने क्षेत्राधिकार रहेको देखिएको, फोटो कन्सर्न प्रा. लि.ले विदेशमा निर्मित डिजिटल क्यामेरा रू. ३२,७२,७२७।- मा बिक्री गरेको, सो क्यामेरा विदेशबाट पैठारी गर्दा भन्सार महसुल तिरेको वा स्थानीय बजारमा खरिद गरेको कागज प्रमाणबाट प्रमाणित गर्न नसकेकोसमेतबाट प्रत्यर्थी प्रतिवादी फोटो कन्सर्न प्रा.लि.का वर्किङ डाइरेक्टर मणिधर नेपालले रू.३२,७२,७२७।- मूल्य बराबरको डिजिटल क्यामेरा चोरी पैठारी गरी भन्सार ऐन, २०१९ को दफा ५(४) बमोजिमको कसुरमा सोही ऐनको दफा ३४ को उपदफा ८(क) बमोजिम प्रत्यर्थी प्रतिवादीले चोरी पैठारी गरेको बिगो रू. ३२,७२,७२७।- असुल गर्ने, बिगोबमोजिम रू. ३२,७२,७२७।- जरिवाना हुने र पाँच वर्ष कैद हुने तथा कैदबापत रू. ४५,०००।- असुलउपर हुने ठहर गरी राजस्व अनुसन्धान विभागबाट मिति २०६२।८।१९ मा भएको निर्णय नमिलेको भनी उक्त निर्णयलाई बदर हुने ठहऱ्याएको राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६६।६।२२ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला उल्टी हुने र प्रत्यर्थी प्रतिवादीलाई डिजिटल क्यामेरा चोरी पैठारी गरी भन्सार ऐन, २०१९ को दफा ५(४) को कसुरमा सोही ऐनको दफा ३४ को उपदफा ८(क) बमोजिम बिगो रू. ३२,७२,७२७।- कायम गरी सो बिगो असुल गर्ने र प्रतिवादीलाई बिगोबमोजिम जरिवाना हुने तथा पाँच वर्ष कैद हुने सो कैदबापत रू. ४५,०००।- असुलउपर गर्ने ठहऱ्याएको राजस्व अनुसन्धान विभागको मिति २०६२।८।१९ को निर्णय सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७३ साल कार्तिक २३ गते रोज ३ शुभम्।

## इजलास नं.४

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०६९०, उत्प्रेषण / परमादेश, राजन घिमिरेसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत

निवेदकहरूले लामो समयसम्म तलब, भत्ता, पोसाक भत्ता र चाडपर्व खर्च नपाएकोले सोसमेत उपलब्ध गराई पाउन माग गरेको सम्बन्धमा विचार गर्दा यस अदालतबाट मिति २०७५।१।२ मा निवेदकहरूले पाउनुपर्ने उल्लिखित आर्थिक सुविधासमेत १ महिनाभित्र दिनु भन्ने बेहोराले विपक्षी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नाममा आदेश भएको देखिँदा निवेदकहरूले पाउने तलब, भत्ता, पोसाक भत्ता जस्ता आर्थिक सुविधा सम्बन्धमा केही विचार गरिरहन नपर्ने।

निवेदकहरूले लामो समयसम्म वैदेशिक रोजगार विभागअन्तर्गत काठमाडौं कार्यालय ताहाचलमा रूजु हाजिर रहँदा पनि विपक्षीहरूले पदस्थापन नगरी नगराई विपक्षी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवले मिति २०७४।१२।२० मा विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता गर्ने गरी गरेको निर्णय बदर माग गरेको सम्बन्धमा विचार गर्दा निवेदकहरू विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।५।३१ देखि मिति २०७४।५।१४ सम्मको निर्णय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७४।२।४ लगायत विभिन्न मितिको निर्णयले विपक्षी वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालय

ताहाचलमा सरूवा भएको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) को खण्ड (ख) मा भौगोलिक क्षेत्र "ग" "घ" मा सरूवा भएका निजामती कर्मचारी कम्तीमा २ वर्षको अवधिसम्म सरूवा भएको कार्यालयसमेतमा कार्यरत रहन पाउने व्यवस्था रहेको पाइन्छ । तर निवेदकहरूलाई विपक्षी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालयमा पदस्थापन गर्न दरबन्दी नभएको कारण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने भनी मिति २०७४।१२।२० मा निर्णय गरेको देखिने ।

निजामती कर्मचारीको दरबन्दी मिलान गर्ने कार्य विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको हो । त्यसमा पनि पदस्थापन हुन नसकेका कर्मचारीको व्यवस्थापन गर्ने मुख्य दायित्व विपक्षी सोही मन्त्रालयको भएको कुरा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लिखित जवाफबाट देखिन्छ । निवेदकहरू विपक्षी वैदेशिक रोजगार विभाग, काठमाडौं कार्यालयमा रूजु हाजिर भएपश्चात् हालसम्म पदस्थापन हुन सकेको देखिँदैन । यस सम्बन्धमा हाल के कसो भएको छ भन्ने सम्बन्धमा बुझ्न निवेदकहरूलाई इजलासमा उपस्थित हुन पुकार गर्दा निवेदकहरू उपस्थित भएको देखिएन । यसरी कर्मचारीको व्यवस्थापन गर्ने र दरबन्दी मिलान गर्नेसमेतका काम विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भएको देखिँदा विपक्षी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवले मिति २०७४।१२।२० मा निवेदकहरूलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने भनी गरेको निर्णयमा कुनै त्रुटि नदेखिएको र सो निर्णयले निवेदकहरूको संवैधानिक र कानूनी हकमा आघात नपुगेको हुँदा मागबमोजिम रिट जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला / इशा सुवेदी
इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६-CR-०००५, घुस / रिसवत लिई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. रमेशकुमार गौतम*

मिसिल संलग्न प्रमाणहरू अवलोकन गर्दा, सर्वप्रथम उजुरकर्ताद्वयले मौकामा दिएको उजुरी एवम् घटना विवरण कागजमा समेत बबई बहुमुखी क्याम्पसको शौचालयको सेफ्टी ट्याङ्की निर्माण कार्य सम्पन्न प्रतिवेदन तयार गर्नका लागि प्रतिवादीले घुस / रिसवत माग गरेको भन्ने देखिन्छ । तर प्रतिवादीले घुस / रिसवत मागेको र लिएको नभई पारिश्रमिकबापतको रकमसम्म लिएको भनी जिकिर लिएको देखिन्छ । उजुरीकर्ताहरू अदालतमा उपस्थित भई आफ्नो मौकाको भनाइलाई समर्थन गरी बकपत्र गर्न सकेको देखिँदैन । यस स्थितिमा उजुरकर्ताहरूको मौकाको उजुरी एवम् कागजलाई विश्वसनीय मान्नु प्रमाण कानूनको सिद्धान्तविपरीत हुने ।

गुलरिया नगरपालिकाको कार्यालयमा असिस्टेन्ट सब-इन्जिनियर पदमा कार्यरत प्रतिवादी रमेशकुमार गौतमले बबई बहुमुखी क्याम्पसमा शौचालयको सेफ्टी ट्याङ्की निर्माण सम्बन्धमा केही प्राविधिक काम गरेको भन्ने देखिन्छ । जुन तथ्य उक्त क्याम्पसको च.नं.३८, मिति २०७५।४।२८ को पत्रमा बबई बहुमुखी क्याम्पसमा निर्माण गर्न

लागिएको भौतिक संरचना शौचालयको सेफ्टी ट्याङ्की डिजाइन, इष्टिमेट, रेखदेख तथा प्राविधिक सल्लाहका लागि एक जना प्राविधिक खटाई सहयोग गरिदिनुहुन भनी गुलरिया नगरपालिकालाई पत्राचार गरिएकोमा जवाफ नआएको कारण क्याम्पसको सञ्चालक समितिसमेतको मौखिक अनुरोधमा गुलरिया नगरपालिकाका असिस्टेन्ट सब-इन्जिनियर रमेशकुमार गौतमबाट उक्त निर्माण कार्यको रेखदेख तथा प्राविधिक सल्लाह लिई कार्य सम्पन्न भएपश्चात् केही पारिश्रमिक दिने मौखिक सहमति भए पनि निजले हालसम्म यस क्याम्पसबाट पारिश्रमिक नलिएको भनी उल्लिखित बेहोराबाट पुष्टि भएको देखिन्छ । यसरी मिसिल संलग्न प्रतिवादीको बयान, वादी र प्रतिवादीको साक्षीहरूको बकपत्र, सि.डी.को लिपिवद्ध उतार, क्याम्पसको पत्रलगायतका प्रमाणहरूबाट प्रतिवादीले आफ्नो पारिश्रमिकबापतको रकम भनी उजुरीकर्तासँग लिएकोसम्म देखियो, तर घुस / रिसवतको रूपमा रकम लिई आरोपित कसुर गरेको भन्ने देखिन नआउने।

सिद्धान्ततः अभियोजन पक्षले घुस / रिसवतसम्बन्धी मुद्दामा प्रतिवादीउपरको आरोपित कसुर स्थापित गर्न सक्नुपर्दछ। तर अभियोजन पक्षले प्रतिवादीले उजुरकर्तासँग घुस / रिसवत माग गरेको वा स्वीकार गरी लिएको भन्ने तथ्य पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ ले वादी पक्षमा रहेको र वादी पक्षले उक्त आरोप दाबी शंकारहित तवरबाट पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न सकेको देखिँदैन। यस स्थितिमा फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार प्रतिवादीले शंकाको सुविधा पाउने हुँदा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७६।१।१२ मा भएको फैसला मनासिब देखिँदा निज प्रतिवादीलाई आरोप दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार कारणबाट बबई बहुमुखी क्याम्पसमा शौचालयको सेफ्टी ट्याङ्की निर्माणको लागत इष्टिमेट तथा निर्माण कार्यको रेखदेखसमेत गरेबापत क्याम्पसले पठाएको पारिश्रमिक भनी उजुरीकर्ताहरूले प्रतिवादीलाई उक्त रकम दिएको र प्रतिवादीले पनि उजुरकर्ताबाट घुस रिसवतको रूपमा नभई पारिश्रमिकबापतको होला भनी रकम लिएको भन्ने देखियो। अत: प्रतिवादीले उजुरकर्ताबाट घुस रिसवत लिई भ्रष्टाचारजन्य कसुर गरेको भन्ने आरोप दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादी रमेशकुमार गौतमले आरोप दाबीबाट सफाइ पाउने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७६।१।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामचन्द्र खड्का

इति संवत् २०७६ साल पुस २९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१६६७, जबरजस्ती करणी, श्यामलाल सुनार (वि.क.) वि. नेपाल सरकार

पुनरावेदकले जबरजस्ती करणीको घटनाको जाहेरी बेहोरा एवं बकपत्रलाई स्वास्थ्य परीक्षण प्रतिवेदनले पुष्टि गर्नुपर्ने भन्ने जिकिर लिएकोमा यी पीडित स्वयं विवाहित रहेको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आयो । निजमाथि प्रतिवादी आफ्नै बुबाले १५ वर्षको नाबालक अवस्थादेखि नै जबरजस्ती करणी गर्ने गरेको भन्ने पीडितको भनाइ रह्यो। घटना हुँदा निजको उमेर १७ वर्ष वा सोभन्दा माथि भन्ने स्वास्थ्य जाँच प्रतिवेदनमा उल्लेख भएको

पाइयो । वारदात हुँदाका बखत पनि करणी गर्न नमाने वा बोले, कराए मारिदिन्छु भनी डर, त्रासमा पारेर करणी गरेको भन्ने देखियो। घटना भए लगत्तै पीडितको स्वास्थ्य परीक्षण गरिएको देखिएन भने कपडाहरू बदलिएको तथा धोइएको अवस्थामा परीक्षण गरिएको देखिने।

माइतीकै संरक्षणमा रहेकी विवाहित महिलालाई करणी गर्न इन्कार गरे वा अरूलाई सुनाए मारिदिन्छु भनी त्रासमा पारी जबरजस्ती करणी गरेको प्रस्तुत घटनामा पीडितले बाध्य भई ज्यान जोगाउनकै लागि पनि प्रतिकार नगरी पीडकलाई सहज अवस्था सिर्जना गरिदिएको हुनसक्ने र यस्तो अवस्थामा उमेर र अवस्थाका कारण पीडितको यौनाङ्गमा सङ्घर्षका चिह्नहरू नदेखिने कुरालाई इन्कार गर्न सकिँदैन। अन्य स्वतन्त्र प्रमाणले जबरजस्ती करणी भएको भन्ने पुष्टि भइरहेको अवस्थामा स्वास्थ्य जाँच प्रतिवेदनमा पीडितको यौनाङ्गमा सङ्घर्षका चिह्नहरू नदेखिएको भन्ने आधारमा मात्र जबरजस्ती करणीको वारदात नभएको भन्न सकिने अवस्था रहन्न। यस्तो अवस्थामा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा स्वास्थ्य अवस्था सामान्य रहेको, पीडितको यौनाङ्गमा *No abrasion, laceration, No Signs of struggle* भन्नेसमेत उल्लेख भई आएकै आधारमा मात्र जबरजस्ती करणी गरेको होइन भन्ने पुनरावेदक प्रतिवादीले लिएको जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा पीडितले मौकाको जाहेरी तथा बकपत्रसमेतमा आफूमाथि आफ्नै बुबाबाट जबरजस्ती करणी भयो भनी व्यक्त गरेका कुरालाई अन्य स्वतन्त्र प्रमाणले पनि पुष्टि गरिरहेको अवस्था हुँदा प्रतिवादी श्यामलाल सुनार (वि.क.) ले हाडनाता पर्ने आफ्नै छोरीमाथि जबरजस्ती करणी गरेको भन्ने कुरा पुष्टि हुन आएकोले निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीतर्फ मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ६ वर्ष कैद र आफ्नै छोरीलाई जबरजस्ती करणी गरेकोमा सोही ऐनको हाडनाता करणी गर्नेको महलको १ नं. बमोजिम थप १० (दश) वर्ष कैद हुने तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. एवं १०ग नं. बमोजिम पीडितले रू.५०,०००।- (रूपैयाँ पचास हजार) क्षतिपूर्तिसमेत भराई पाउने ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७३।०१।२३ मा भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।११।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल फागुन २६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-RC-००२९, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुदीपकुमार राईसमेत

प्रतिवादीउपर परेको किटानी जाहेरी, घटनालाई पुष्टि गर्ने घटनास्थल एवं लास जाँच प्रकृति मुचुल्का, प्रतिवादीले नै घटना गराएको भन्ने बेहोराको बुझिएका मानिसहरूको कागज एवं कुटपिट गर्दा श्रीमतीको मृत्यु भएपछि त्यसबाट बच्न घरमा आगो लगाएको हुँ भनी प्रतिवादी आफैँले गरेको साबिती बयानसमेतबाट यिनै प्रतिवादी सुदीपकुमार राईले नै विभत्स ढङ्गले श्रीमती निर्मला राईको हत्या गरेको भन्ने कुरा सप्रमाण पुष्टि हुने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका

आधारमा प्रतिवादी सुदीप कुमार राईलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिम सजाय हुने र अर्का प्रतिवादी दुर्गाधन राईले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू खोटाङ जिल्ला अदालतबाट मिति २०७२।०३।२७ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७४।१।२५ मा भएको फैसला मिलेकै देखिँदा साधक जाँचका निम्ति यस अदालतमा पेस हुन आएको साधकसमेत सदर हुने भए पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व गर्न नहुने हुँदा प्रतिवादी सुदिपकुमार राईको हकमा सर्वस्व भने नहुने भई फैसलाबमोजिमको अन्य सजाय सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

इति संवत् २०७६ साल वैशाख ९ गते रोज २ शुभम्।

## इजलास नं.६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-२०६१, कर्तव्य ज्यान, यमबहादुर भन्ने यामबहादुर पुलामी मगरसमेत वि. नेपाल सरकार*

जाहेरवाला खड्गबहादुर पुलामी मगरले दिएको पहिलो तथा दोस्रो पूरक जाहेरी दरखास्तमा समेत यी प्रतिवादी कुलमाया पुलामी मगरलाई पोल गर्न सकेको देखिँदैन। घटना विवरण कागज गरिदिने सुमन पुलामी मगर, सलिना भन्ने गोमा पुलामी मगर, सुनिल पुलामी मगर र पवित्रामाया बाजिम्पाक मगरसमेतले मौकामा कागज गर्दा यी प्रतिवादी कुलमाया पुलामी मगरलाई पोल गरी लेखाई दिएको पाइँदैन । जाहेरवाला खड्गबहादुर पुलामी मगरले अदालतमा बकपत्र गर्दा यी प्रतिवादी कुलमाया पुलामी मगरलाई पोल गरी बयान गरेको भए तापनि निजले कुलमायासमेतले मृतकलाई कुटेको अरे भन्ने सुनेको हो भनी यी प्रतिवादीसमेतले मृतकलाई कर्तव्य गरी मारेकै हुन् भनी किटानीसाथ खुलाउन सकेको अवस्था नदेखिने।

प्रतिवादी कुलमाया पुलामी मगरले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा पूर्णरूपले इन्कार रही गरेको बयान, जाहेरवाला खड्गबहादुर पुलामी मगरले दिएको पहिलो तथा दोस्रो पूरक जाहेरी दरखास्तमा समेत यी प्रतिवादीलाई पोल गर्न नसकेको अवस्था, घटना विवरण कागज गरिदिने सुमन पुलामी मगर र पवित्रामाया बाजिम्पाक मगरसमेतले मौकामा कागज गर्दा यी प्रतिवादीलाई पोल गरी लेखाउन नसकेको अवस्था, जाहेरवाला खड्गबहादुर पुलामी मगरले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेकै हुन् भनी लेखाउन नसकेको अवस्था तथा घटना भएको दिन अर्का प्रतिवादी यामबहादुर पुलामी मगर मृतकको घरमा गएको प्रत्यक्ष देख्ने मृतकको छोरा सुनिल पुलामी मगरले यी प्रतिवादीलाई पोल गर्न नसकेको र यी प्रतिवादीको शरीरमा सङ्घर्षका कारण हुन सक्ने घाउ, चोटहरू नदेखिएको अवस्थासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट मृतक सुशिला पुलामी मगरलाई कर्तव्य गरी मार्नमा यी प्रतिवादी कुलमाया पुलामी मगरसमेतको संलग्नता पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादीको पति अर्का प्रतिवादी यामबहादुर पुलामी मगरको मृतकसँग अवैध प्रेम सम्बन्ध भई निजहरूको शारीरिक सम्बन्धसमेत भएको कारण मृतक र यी प्रतिवादीको बिच झैझगडा

भएको आधारमा मात्र शंकाको भरमा बिनाआधार, प्रमाण कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दामा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम मृतक सुशिला पुलामी मगरलाई कर्तव्य गरी मारेको कसुरमा सजायसमेत गरेको सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेको नदेखिने।

अत: प्रतिवादी यमबहादुर भन्ने यामबहादुर पुलामी मगरले मृतक सुशिला पुलामी मगरलाई कर्तव्य गरी मारी आरोपित कसुर गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको धनकुटा जिल्ला अदालतको मिति २०७२।५।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७२।११।१९ को फैसला मिलेकै देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी यमबहादुर भन्ने यामबहादुर पुलामी मगरलाई जन्मकैदको मात्र सजाय हुने।

प्रतिवादी कुलमाया पुलामी मगरउपरको अभियोग दाबी वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७२।११।१९ को फैसला सोहदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी कुलमाया पुलामी मगरले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : अरूणकुमार कोइराला
कम्प्युटर: हर्क माया राई
इति संवत् २०७७ साल असार १२ गते रोज ६ शुभम्।

## इजलास नं.७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७७-WH-००२७, बन्दीप्रत्यक्षीकरण, रिन्कु जयसवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

निवेदकले आफूसँग फेला परेका चेक र कागजातलाई नै भ्रष्टाचार गरेको भन्ने अवस्था हुँदैन भनी लिएको निवेदन जिकिरको सम्बन्धमा हेर्दा उक्त विषय अदालतमा मुद्दा पेस भएपश्चात् मुद्दाको कारबाही तथा किनारा गर्दाको अवस्थामा प्रमाणको विवेचना गरी निष्कर्षमा पुग्ने विषय भएको हुँदा अनुसन्धानको अवस्थामा रहेको विषयमा अहिले नै प्रमाणको विवेचना गरी भ्रष्टाचार गरेको हो होइन भनी मुद्दाको तथ्यभित्र प्रवेश गरी बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहबाट हेर्न मिल्ने नदेखिने।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट रिट निवेदक रितेश गुप्तालाई अख्तियारप्राप्त निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार गरेको आरोपमा अनुसन्धान तहकिकातको सिलसिलामा हिरासतमा राखी बयान लिनेलगायतका कार्य सम्पन्न गर्नको लागि बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गरी कानूनसम्मत रूपमा म्याद थप अनुमति प्रदान भई विशेष अदालतको आदेशानुसार थुनामा

राखेको देखिँदा सो थुनालाई गैरकानूनी थुना मान्न मिल्ने अवस्था विद्यमान भएको नदेखिँदा निवेदकको मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल भदौ १० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७७-CR-०५९२, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. जनराज शाहीसमेत*

घटना विवरणका मानिस पृथ्वीबहादुर मल्लले बकपत्र गर्दा पीडित के.आई.सिंह मल्ललाई घाइते अवस्थामा देखेको हुँ टाउकोमा चोट थियो तीनवटा टाँका लगाएको थियो । निज के.आई. सिंहलाई प्रतिवादीहरूले खुकुरी प्रहार गरी घाइते बनाएका हुन् भनी लेखाएका र पीडितको घाउजाँच फारामबाट पनि घाइते केआई सिंह मल्लको तालुको भागमा 5cm लम्बाइ र अन्य ठाउँको वरिपरि घाउचोट रहेको धारिलो हतियार प्रयोग भएको अवस्था देखिँदा वारदातको प्रकृतिबाट कुटपिटको वारदात भएन होला भनी भन्न मिल्ने नदेखिँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.बमोजिम ५ वर्ष कैद हुने तथा बकपत्र गर्ने साक्षी बिड्के मल्ललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४(२)(क) बमोजिम रू.१०००।- (एक हजार) जरिवाना हुने गरी सुरू मुगु जिल्ला अदालतबाट मिति २०७६।३।६।६ मा भएको फैसला उल्टी गरी प्रतिवादी ज्ञानराज शाही, प्रकाश शाही र विष्णुबहादुर मल्लले प्रस्तुत मुद्दाको आरोपित कसुरबाट सफाइ पाउने र साक्षी बिड्के मल्ललाई लागेको जरिवानाबाट उन्मुक्ति दिई फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ बमोजिम सरोकारवाला पक्षले सकार गरी स्वीकार गरे प्रस्तुत मुद्दा कुटपिटतर्फ दर्ता गरी सोको जानकारी जाहेरवाला एवं पीडितसमेतलाई दिने गरी उच्च अदालत सुर्खेत, जुम्ला इजलासबाट मिति २०७६।१२।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल आषाढ २२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WH-०४०१, बन्दीप्रत्यक्षीकरण, सोहन, प्रेम, रोहित भन्ने नेत्रबहादुर घर्ती वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदकले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा पठाउन भनी रकम लिएको, रकम फिर्ता गर्न स्वीकार गरेको, आफ्नो ठगी गर्ने मनसाय नभएको, कहिलेकाहीँ काम गर्दा बिग्रने सम्भावना भएको अवस्थामा वैदेशिक रोजगार ऐन, २०६४ को दायरामा पर्ने विषयलाई मुलुकी अपराध संहिताको दफा २४९ अन्तर्गत दायर भएकोतर्फ ध्यान नदिई भएको आदेश गैरकानूनी रहेको भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा अभियोगपत्रमा उल्लिखित कानूनी व्यवस्था आकर्षित हुन्छ या हुन्न र मनसायपूर्वकको कार्य हो, होइन, आसय के थियो भन्ने जस्ता विषय सामान्यतया मुद्दाको अन्तिम किनारा हुँदाको अवस्थामा निरूपण हुने विषय भएको हुँदा मुद्दाको अन्तिम किनारा हुँदा निरूपण हुने विषयमा अनुकूल वा प्रतिकूल हुने गरी असाधारण अधिकारक्षेत्रको प्रयोग गर्न मिल्ने नदेखिने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट

रिट निवेदकलाई ठगी मुद्दाको कारबाहीको क्रममा तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।१०।१ मा भएको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।११।१५ को आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

इति संवत् २०७७ साल असार २८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-१४९९, वैदेशिक रोजगार कसुर, मुकुटबहादुर रायमाझी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले भाषा शिक्षा, प्राविधिक शिक्षा दिई उत्पादनशील सिप र क्षमताका आधारमा स्वदेश तथा वैदेशिक रोजगारमा आपूर्तिका लागि कार्य गर्ने, विदेशमा अध्ययनका लागि जाने व्यक्तिसमेतलाई परामर्श दिनेलगायतका कार्य गर्ने उद्देश्य प्रबन्धपत्रमा उल्लेख गरी पिस वर्ल्ड एजुकेसन एन्ड ओभरसिज कन्सल्टेन्सी नामको प्रा.लि. मिति २०६५/०७/२० मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता गरी कम्पनी दर्ताको प्रमाणपत्रसमेत लिइसकेको देखिन्छ । कोही कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएको वा विदेश पठाएको मिसिल संलग्न प्रमाणहरूबाट स्पष्टरूपमा खुलेको देखिन आएन । त्यसैगरी को को व्यक्ति निज पुनरावेदक प्रतिवादीबाट वैदेशिक रोजगारसम्बन्धी सिलसिलामा पीडित भएको हो भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट खुल्न आएकोसमेत देखिँदैन । साथै प्रतिवादीउपर कुनै पनि व्यक्तिले निजले वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएको वा विदेश पठाएकोले पीडित भएको भनी किटानी जाहेरी दिएको पनि देखिन नआउने।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट प्रतिवादीहरूले कसकसलाई कुन देशमा पठाएको हो भन्ने तथ्य नखुलाइएको, को को व्यक्ति पीडित भएको हो भन्ने कुरा खुल्न आएको नदेखिएको, तथा पुनरावेदक प्रतिवादीले भाषा शिक्षा, प्राविधिक शिक्षा दिई उत्पादनशील सिप र क्षमताका आधारमा स्वदेश तथा वैदेशिक रोजगारमा आपूर्तिका लागि कार्य गर्ने, विदेशमा अध्ययनका लागि जाने व्यक्तिसमेतलाई परामर्श दिनेलगायतका कार्य गर्ने उद्देश्य प्रबन्धपत्रमा उल्लेख गरी कम्पनी दर्ताको प्रमाणपत्रसमेत प्राप्त गरेको देखिएको, प्रतिवादीउपर किटानी जाहेरी पनि नपरेको र पीडित पनि कोही नखुलेको अवस्थामा सजाय गरेको नमिलेको हुँदा पिस वर्ल्ड एजुकेसन एण्ड ओभरसिज कन्सल्टेन्सी प्रा.लि.का सञ्चालकद्वय प्रतिवादीहरू मुकुटबहादुर रायमाझी र राजाराम लामिछानेले विनाइजाजत वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ४३ बमोजिम २।०।० (दुई) वर्ष कैद र जनही रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।०२।२६ गते भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी मुकुटबहादुर रायमाझीले सफाइ पाउने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

इति संवत् २०७६ साल कार्तिक २१ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री नहकुल सुवेदी**, *०७७-WH-०३२७, बन्दीप्रत्यक्षीकरण, प्रेमाकुमारी गिरी वि. मकवानपुर जिल्ला अदालतसमेत*

मिसिल संलग्न कागजातहरूबाट यी रिट निवेदक मिति २०७६।३।२४ गतेसम्म कैदबापत थुनामा बसेको र मिति २०७६/३/२५ देखि जरिवानाबापत कैदमा बसेको भन्ने देखिन आयो । यी निवेदक मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम यो संहिता प्रारम्भ भएको मितिदेखि एक दिनको रू.३००।- का दरले जरिवानाबापत कैद कट्टा हुने अवस्थाअनुसार हिसाब गर्दा रू.१,४०,०००।- जरिवानाबापतको कैदभन्दा बढी नै थुनामा बसिसकेको देखिन आयो । जसबाट निवेदकले जरिवानाबापतको पनि कैद भुक्तान गरिसकेको अवस्था देखिएकोले मुलुकी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न मिल्ने नदेखिने।

विवेचित आधार र प्रतिपादित सिद्धान्तअनुसार निवेदकको थुना गैरकानूनी देखिँदा निजलाई अन्य मुद्दा वा कारबाहीबापत थुनामा राख्नुपर्ने नदेखिए तत्काल गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल जेठ ६ गते रोज ५ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-WO-००१९, परमादेश, दयाराम हुमागाईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

निजी तवरबाट सञ्चालित विद्यालयहरूले आफ्नो विद्यालयको बारेमा सञ्चारमाध्यममार्फत प्रचार प्रसार गरी आफ्नो विद्यालयको विशेषताको बारेमा जानकारी दिनुलाई अन्यथा भन्न मिल्दैन । कानूनले तोकेको सीमामा रहेर प्रचार प्रसार गर्नुलाई पनि अन्यथा भन्न नसकिने।

आफ्नो कारोबारको कतिसम्म विज्ञापनमा खर्च गर्न पाउने भन्ने कुरा पनि आयकरसम्बन्धी प्रचलित कानूनले तोकेको पाइन्छ। सोही सीमाभित्र रहेर गरेको खर्चलाई अन्यथा भन्न पनि मिल्दैन । निवेदकले कुन विद्यालयले कति रकम कुन शिर्षकमा खर्च गरे भनेर भन्न सकेको पाइँदैन । विज्ञापनको नाउँमा विद्यार्थीसँग कति रकम उठाए भन्ने देखिँदैन । निवेदन दाबीबमोजिमको खर्च विवरण देखाएर आफ्नो दाबी प्रमाणित गराउन सकेको पनि देखिएन । उपर्युक्त तथ्यबाट सरकारले तोकेको शुल्कभन्दा बढी लिएमा प्रचलित कानूनले सजाय गर्न सक्ने कानूनी व्यवस्थासमेत भएको अवस्थामा नियमन गर्ने कानून छैन भनी लिएको दाबी मनासिब नदेखिने।

निवेदकले सामुदायिक विद्यालयमा विद्यार्थी कम भएको कारणले सञ्चालन गर्न नसकेर बन्द हुने अवस्था भएको तथ्य पेस गरेका छन् भने अर्कोतर्फ

निजी विद्यालयले एकलौटी विद्यालय सञ्चालन गरेको जस्तो कुरा उठाउनु भएको छ । शिक्षासँग सम्बन्धित ऐन नियमावलीले तोकेको सर्त र अधीनमा रही शिक्षासँग सम्बन्धित विभिन्न विषयमा अध्ययन अध्यापन गर्न बन्देज लगाएको पाइँदैन । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) मा प्रत्येक नागरिकलाई *कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता* रहेको उल्लेख छ। सोही हकको सीमाअन्तर्गत रहेर नै निजी स्तरमा समेत उ.मा.वि. सम्म विद्यालयहरू खोली सञ्चालनमा रहेको पाइन्छ । शिक्षा नियमावली, २०५९ को नियम १५४ को अधीनमा रही विद्यालयको नामकरण गर्नेबारे शिक्षा मन्त्रालयबाट परिपत्रसमेत भएको हुँदा सोबमोजिम विद्यालयको नामकरण गर्ने विषय स्वेच्छिक भएकोले बाध्य पार्न मिल्ने पनि होइन। उक्त नियमावली र परिपत्रबमोजिम नभए सम्बन्धित निकायबाट अनुगमन भई आवश्यक कारबाही हुने नै देखिने।

उच्च मा.वि. हरूले विदेशी नाम राखेको भन्ने विषयमा शिक्षा मन्त्रालयको ध्यानाकर्षण भई तत् सम्बन्धमा १० बुँदे सूचना जारी गरेको विषय सम्बन्धमा निवेदकले आफ्नो निवेदनको प्रकरण नं. ५ मा स्वीकारसमेत गरेको देखिन्छ। निवेदकले दाबी लिएका विषयहरू सम्बन्धित निकायले समयानुकूल सम्बोधन गरिरहेको देखिएको, प्रचलित कानूनबमोजिम शिक्षा क्षेत्रलाई नियमित र व्यवस्थित गर्न प्रतिबद्ध रही निरन्तर क्रियाशील रहेको भन्ने लिखित जवाफबाट देखिन्छ। उल्लिखित सन्दर्भमा निवेदकले नेपाल सरकारले कानूनबमोजिमको कुन कार्य / कर्तव्य पूरा नगरेको हो भन्ने कुरा स्पष्टसँग खुलाउन सकेको पाइएन । यसबाट शिक्षा ऐन, नियमावलीमा विद्यालयको शिक्षण शुल्क नियन्त्रण र विद्यालय निरीक्षणसम्बन्धी आवश्यक कानूनी व्यवस्था भएकै देखिने।

तसर्थ, उल्लिखित विवेचित तथ्य, कानूनी व्यवस्था तथा आधार कारणबाट शिक्षा नियमावली, २०५९ को नियम १५४(१) मा समाज तथा राष्ट्रको लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवदेवी, तिर्थस्थल वा प्राकृतिक सम्पदाको नामबाट नेपालीपन झल्किने गरी विद्यालयको नामकरण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको, विद्यालयको शिक्षण शुल्क नियन्त्रण, विद्यालयको अनुगमन र नियन्त्रणसम्बन्धी कानूनी व्यवस्था कायम रहेको र समयानुकूल परिमार्जन गर्ने क्रममा रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश विद्यमान अवस्थामा जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: देविमाया खतिवडा (देबिना)

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-०९२४, मिलापत्र बदर, सावित्रीदेवी कलवारनीसमेत वि. राजेशप्रसाद जयसवाल*

पिता रघुनाथ रामले छोरी भागीरथी देवीलाई महोत्तरी मालको र.नं. २०३६/१९१८ मिति २००८।३।१५ को दान बकसको लिखत पास गरी ज.वि.४५-९-१६ जग्गा दानबकस गरिदिएको भन्नेसमेत देखिन्छ। सो दानबकस प्राप्त गरेको जग्गासमेत यो यस ठाउँमा निजहरूले दर्ता गराइसकेका छन् भनी यी पुनरावेदक प्रतिवादीहरूले कुनै प्रमाण दिन सकेकोसमेत देखिन नआउने।

उक्त मिति २०४७।५।६ को मिलापत्रको विरूद्धमा परेको यिनै पुनरावेदक प्रतिवादी सावित्री

देवीसमेत पुनरावेदक प्रतिवादी र भागीरथी देवीसमेत प्रत्यर्थी वादी भएको संवत् २०५४ सालको दे.पु.नं.४१६२ को मिलापत्र बदर मुद्दामा **रामप्यारी र रामदेईको सम्पत्ति खाने तीन जना हकदार भागीरथी देवी, पशुपतिप्रसाद र राजेशप्रसादसमेत देखिएकोमा मिति २०४७।५।६ गतेको मिलापत्र बदरमा ३ अंशियारमध्ये भागीरथी देवी र पशुपतिप्रसादको मात्र फिराद परेको र राजेशप्रसादको मिलापत्र बदरमा फिराद नपरेको अवस्थामा निजको हकमा समेत मिलापत्र बदर हुने ठहऱ्याएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई ३ भागको २ भाग वादीहरू भागीरथी देवी र पशुपतिप्रसादको हकसम्म मिलापत्र बदर हुने ठहर्छ** भनी यस अदालतबाट मिति २०६१।२।४ मा फैसला भई अन्तिम भएर रहेको देखिन्छ । यसरी विवादित जग्गा यी पुनरावेदकसमेतले गरेको मिलापत्र बदर हुने गरी यस अदालतबाट उक्त मिति २०६१।२।४ मा नै फैसला भइसकेको अवस्था विद्यमान देखिने ।

साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको ८६ नं. मा **"फैसला, डिसमिस, मिलापत्र, खारेज भएका मुद्दामा सो फैसला, डिसमिस, मिलापत्र, खारेज भएकोले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएको पैंतिस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस, खारेज, मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हक जतिमा झगडियाका नाउँमा नालेस दिए इन्साफ गरिदिनुपर्छ"** भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

प्रत्यर्थी वादी राजेशप्रसाद जयसवालले आफ्नो हक जाने कुरामा सो मिलापत्रको नक्कल सारी थाहा पाएको मिति २०६४।५।१२ बाट ३५ दिनभित्र नै मिति २०६४।५।१४ मा उक्त मिति २०४७।५।६ को मिलापत्र बदर गरिपाउँ भनी फिराद लिई अदालत प्रवेश गरेको देखिन्छ । साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको ८६ नं. को उक्त कानूनी व्यवस्थाको मकसद दुई पक्षबिच मुद्दा चली फैसला, डिसमिस, मिलापत्र वा खारेज भएको बेहोराले कुनै अर्को पक्षको हक गएको छ भने त्यस्तो हक जाने व्यक्तिले थाहा पाएको ३५ दिनभित्र मिलापत्र बदरमा आउन पाउने हुन्छ । अर्थात् अ.बं. ८६ नं. को साहारा लिई अदालतमा प्रवेश गर्ने व्यक्ति अघि चलेको मुद्दाको पक्ष विपक्ष नभई कुनै तेस्रो पक्ष रहेको हुनुपर्ने भन्ने सो कानूनी व्यवस्थाको मूल सार रहेको परिप्रेक्ष्यमा यी प्रत्यर्थी वादी मुद्दाको पक्ष विपक्ष नभई तेस्रो पक्ष रहेको देखिन आएको छ । निज वादीले उक्त हदम्यादभित्र नै उपचार खोजेको अवस्थामा प्रस्तुत विषयमा हदम्यादविहीन तथा प्रचलित कानूनी व्यवस्थाको विपरीत फिराद दायर गरेको भन्ने पुनरावेदक प्रतिवादीहरूको भनाइ तर्कसङ्गत रहेको देखिन नआउने ।

विवादित जग्गाको सम्बन्धमा हदबन्दीमा छानबिन हुँदा यी वादी राजेशप्रसादसमेत परिवार कायम भएको देखिन्छ । हजुरआमा भागीरथी देवीले प्राप्त गर्ने अपुतालीमा पिता पशुपतिप्रसाद र यी वादी नाति राजेशप्रसादसमेतको हक कायम हुने आधारबाट हदबन्दीभित्र नपर्ने भनी भूमि सुधार कार्यालय धनुषाबाट मिति २०४६।५।३ मा निर्णय भएको पाइयो । सो हदबन्दीको निर्णयबाट विवादित जग्गामा वादी राजेशप्रसादको समेत १ हिस्सा लाग्ने स्पष्ट छ । हदबन्दीको निर्णयबाट हक हिस्सा यकिन भई सोही आधारबाट वादी राजेशप्रसादको हक यकिन भइसकेको देखियो । अतः विवादित

जग्गामा वादीको हकहिस्सा रहने गरी आधिकारिक निकायबाट निर्णय भइसकेको अवस्थामा प्रत्यर्थी वादीको हक हिस्सामा पर्ने भनी स्पष्ट भइसकेको उल्लिखित सम्पत्तिमा पुनरावेदन प्रतिवादीहरूले अंश मुद्दा गरी मिति २०४७।५।६ मा मिलापत्र गरी बन्डा गरेको कार्य दूषित क्रिया नै हुने।

पुनरावेदक बलदेब महतोको मुद्दा सकार गर्ने मंगल महतो विरूद्ध प्रत्यर्थी महादेव महतो भएको मुद्दा नं. २०६३-CI-०४३४ को फैसला बदर मुद्दा (ने.का.प.२०६८, अङ्क ५, नि.नं. ८६२३) मा **"दूषित तवरबाट अरूको हक लाग्ने सम्पत्ति एकलौटी हो भनी देखाई भएको फैसला जतिसुकै तहबाट भए पनि बदरभागी हुन्छ, हरेक तहमा मर्का पर्ने व्यक्ति जानुपर्दछ बदर गराउनु पर्दछ भनी व्याख्या गर्नु र मान्नु आत्मगत हुन जाने"** भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएकोसमेत देखिने।

उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादन भएको सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दामा पनि प्रत्यर्थी वादीले उल्लेख गरेका निजको जिजु हजुरआमा रामप्यारी देवीको नाउँको कि.नं.९३ समेतका विभिन्न कित्ताहरूको जम्मा ९-१-० जग्गा र रामदेइ देवीको नाउँको कि.नं. ४ समेतका विभिन्न कित्ताहरूको जम्मा ९-६-१० जग्गामा हक नै नभएका व्यक्ति यी पुनरावेदकहरूसमेतले एक आपसमा लिनुदिनु गरी मिति ०४७।५।६ मा मिलापत्र गरी आ-आफ्नो भाग हिस्सामा राख्ने गरी कार्य गरेको देखिन्छ। सोसमेतका आधार प्रमाणबाट दाबीको उक्त जग्गाहरूमा वादीको जिजु हजुरआमाहरूको हकभोग रहेको देखिएको र सो सम्पत्तिमा यी प्रत्यर्थी वादीको समेत हक स्थापित भएको भन्ने देखिन्छ। सो अवस्थामा यी पुनरावेदक प्रतिवादीले एकआपसमा मिलेमतो गरी दूषित तवरले मिलापत्र गराएको भन्ने नै देखिन्छ। यस्ता कार्यले समय सीमाको कारणले मान्यता पाउने स्थिति नरहोस भनेर नै थाहा पाएको मितिले ३५ दिनभित्र नालिस गर्न पाउने व्यवस्था अ.बं. ८६ नं. ले गरेको देखिन्छ। सो हदम्यादभित्र दर्ता भएको प्रत्यर्थी वादीको फिराद कथनलाई अन्यथा भनी भन्न मिल्ने देखिन आउँदैन। अतः वादी राजेशप्रसाद जयसवालको समेत हक जनिइरहेको जग्गालाई असर पर्ने गरी यी पुनरावेदक प्रतिवादीहरूले जुनसुकै बेहोराबाट हक प्राप्त गर्ने कार्य गरेको भए पनि सो कार्यले कानूनी मान्यता पाउन नसक्ने भई दूषित नै रहेको देखिन आउँछ। यस्तो अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने गरी निस्सा प्रदान भएको आदेशसमेतसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट वादी राजेशप्रसाद जयसवालको हक कायम भएको जग्गासमेत राधेश्याम जयसवालसमेतका प्रतिवादीहरूले अंश लिनुदिनु गरी गरेको मिति २०४७।५।६ को दूषित मिलापत्रको वादी राजेशप्रसाद जयसवालको हकको ३ भागको १ भाग जग्गाको हकमा मिलापत्र बदर हुने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६७।२।४ को फैसलालाई सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।३।१२ मा भएको फैसला मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल मङ्सिर १२ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७१-CR-०९०९, ०७१-CI-०९२५, जालसाजी, दर्ता

बदर दर्ता, सावित्रीदेवी कलवारनीसमेत वि. राजेशप्रसाद जयसवालसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-CR-००९४, लागु औषध कोरेक्ससमेत, भगवती चौधरी भन्ने कुमारी चौधरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी भगवती चौधरी भन्ने कुमारी चौधरीले बरामदित लागु औषध आफ्नो घरकोठाबाट बरामद भएको भनी गरेको मौकाको बयान बरामदी मुचुल्काबाट समर्थित भइरहेको छ। सहप्रतिवादी बिक्रम बरालले आफ्नो कोठाबाट लागु औषध बरामद भएको हो भगवती चौधरीको घरबाट बरामद भएको होइन भनी अदालतसमक्षको बयानमा भने तापनि सो तथ्य बरामदी मुचुल्काबाट पुष्टि हुन आएको नदेखिने।

साथै, पुनरावेदक प्रतिवादीले बरामदी मुचुल्कामा जबरजस्ती रोहबरमा राखेको भन्ने पुनरावेदन जिकिर लिए पनि सोको पुष्टि हुने प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रत्यक्ष रूपमा लागु औषधसमेतका चिजवस्तु बरामद गरिएको उक्त बरामदी मुचुल्कामा प्रतिवादीलाई रोहबरमा राखी अन्य स्थानीय व्यक्तिहरूको समेत सहीछाप रहेको देखिन्छ। बरामदी मुचुल्कामा उल्लिखित परिमाणको लागु औषध बरामद भएको हो भनी उक्त मुचुल्का गर्ने प्र.ना.नि. संजिव कटुवालले गरेको बकपत्रसमेतबाट उक्त मुचुल्का समर्थित हुन आएको छ। प्रतिवादीलाई समेत रोहबरमा राखी कानूनबमोजिम अनुसन्धान गर्न पाउने अधिकारीले गरेको उक्त बरामदी मुचुल्का रीतपूर्वक भएको देखिन आएको हुँदा सो मुचुल्कालाई प्रमाणमा लिन मिल्ने नै हुने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार कुनै व्यक्तिका साथमा कुनै लागु औषध फेला परेमा त्यस्तो पदार्थ कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने हुन्छ। कुनै व्यक्तिको साथबाट निषेधित लागु औषध फेला परेमा आपराधिक कार्य (Corpus delicti) स्थापित हुन जाने हुँदा फौजदारी कानूनमा यस प्रकारको कसुरलाई Possessory Crime मानिन्छ । यस्तो Possessory Crime मा आपराधिक कार्यको वारदात स्थापित भएमा निर्दोषिता प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहने हुँदा सो कुरालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को उक्त दफा १२ मा कानूनी रूपमा नै स्पष्ट व्यवस्था गरिएको पाइन्छ। प्रतिवादी भगवती भन्ने कुमारी चौधरीको घर कोठामा खाटमुनि बोरामा प्याक गरी सुरक्षितसाथ निजकै संरक्षणमा राखेको अवस्थामा लागु औषध बरामद भएको हुँदा उल्लिखित दफा १२ को कानूनी व्यवस्थाबमोजिम सो लागु औषध निज प्रतिवादीको होइन भन्ने तथ्य शंकारहित तवरले पुष्टि हुने गरी निज प्रतिवादीले नै प्रमाण पेस गर्नुपर्ने हुन्छ। तर यी प्रतिवादीले बरामदित लागु औषध आफ्नो होइन भन्ने कुरा पुष्टि हुने गरी कुनै विश्वसनीय र भरपर्दो प्रमाण प्रस्तुत गर्न सकेको मिसिल संलग्न प्रमाणबाट नदेखिने।

वस्तुत: बरामदी मुचुल्काबाट निज प्रतिवादी भगवती भन्ने कुमारी चौधरीको घरकोठासमेतबाट लागु औषध बरामद भएको तथ्य स्थापित भएको छ। निजले सो लागु औषध कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने पुष्टि गर्न सकेको पाइँदैन। मिसिल संलग्न बरामदी मुचुल्कासमेतका वस्तुगत तथ्य प्रमाणबाट यी प्रतिवादीको घरकोठाबाट लागु औषध बरामद भई वारदात स्थापित भइरहेको स्थितिमा

केवल प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयानको आधारमा मात्रै निज प्रतिवादीलाई निर्दोष मान्न सकिने अवस्था रहँदैन । सहप्रतिवादी बिक्रम बरालले ल्याएको लागु औषध कुमारी चौधरीलाई राख्न दिएको भनी निज बिक्रम बरालले मौकामा गरेको बयान कागज तथा बिक्रम बरालले ल्याएको लागु औषध निजले भनेबमोजिम राखिदिएको र सोबापत निज बिक्रमले पैसा दिने भनेको भनी यी पुनरावेदक प्रतिवादीले गरेको मौकाको बयानसमेत परस्पर रूपमा समर्थित भई मिल्न आएको देखिन्छ । यसर्थ, उल्लिखित मिसिल संलग्न प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले आफ्नो घरकोठामा निषेधित लागु औषध राखेको पुष्टि हुन आउने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४**(घ)(ङ)(च)** को कानूनी व्यवस्थालाई हेर्दा, लागु औषध बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कार्यलाई निषेध गरिएको देखिन्छ । सोही ऐनको दफा १४(१)(झ) मा "..**खण्ड (ज) मा लेखिएदेखिबाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि बिस लाख रुपैयाँसम्म जरिवाना**" हुने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा मिसिल संलग्न बरामदी मुचुल्कासमेतका वस्तुगत प्रमाणहरू तथा प्रतिवादीहरूले गरेको मौकाको बयानसमेतबाट प्रतिवादी भगवती चौधरी भन्ने कुमारी चौधरीसमेतले आरोपित कसुर गरेको पुष्टि हुन आएको हुँदा अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी निज प्रतिवादी भगवती चौधरी भन्ने कुमारी चौधरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम कसुरको मात्राअनुसार कैद वर्ष २(दुई) र जरिवाना रू.१,००,०००।- (एक लाख) सजाय गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिने ।

अतः विवेचित आधार, कारणसमेतबाट प्रतिवादी भगवती चौधरी भन्ने कुमारी चौधरीलाई ३(तीन) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम कसुरको मात्राअनुसार कैद वर्ष २(दुई) र जरिवाना रू.१,००,०००।- (एक लाख) हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७४-CR-१८४२, जबरजस्ती करणी तथा बालविवाह, नेपाल सरकार वि. घनश्याम वारी

पीडित भनिएको व्यक्ति स्वयम्ले प्रतिवादीसँग विवाह गरेको छैन भनी अदालतमा गरेको बकपत्रलाई अन्यथा मान्नुपर्ने कुनै कारण रहेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएको छैन । प्रतिवादीले पीडितलाई विवाह गरेको हो भनी पुष्टि हुने कुनै प्रमाण, फोटो वा लिखत वादी पक्षबाट पेस हुन सकेको स्थिति पनि देखिँदैन । पीडितले प्रतिवादीसँग विवाह गरेको छैन भनी अदालतमा उपस्थित भई गरेको बकपत्रको भनाइ जाहेरवाला तथा घटना विवरण कागज गरिदिने व्यक्तिहरूको बकपत्रसमेतबाट समर्थित भइरहेको

अवस्थामा केवल मौकामा गरेको कागजलाई मात्र आधार लिई प्रतिवादीले पीडितलाई विवाह गरेको भनी मान्न मिल्ने नदेखिने ।

त्यसैगरी, जबरजस्ती करणीतर्फको अभियोग दाबीका सम्बन्धमा विचार गर्दा, पीडित सङ्केत नं. ६५ लगदहवा (ज) १४ वर्षको नाबालक रहेकोमा विवाद देखिँदैन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा कन्याजाली च्यातिएको भए पनि कारण यकिनसाथ भन्न नसकिने भन्ने उल्लेख गरिएको छ । प्रतिवादीले जबरजस्ती करणी गरेको कारणबाट नै निज पीडितको कन्याजाली च्यातिएको हो भन्ने मिसिल प्रमाणबाट पुष्टि हुन सकेको छैन । जबरजस्ती करणीबाहेक अरू कारणबाट पनि पीडितको कन्याजालीमा क्षति पुग्न सक्ने अवस्था हुने हुँदा पीडितको कन्याजाली च्यातिएको देखिएको भन्ने आधारमा मात्र प्रतिवादीलाई जबरजस्ती करणीको कसुरदार मान्न मिल्ने पनि नदेखिने ।

वस्तुत: प्रतिवादीले अदालतमा पीडितासँग विवाह भएको छैन भनी गरेको इन्कारी बयान पीडितले अदालतमा आई प्रतिवादीलाई चिन्दैन, निजसँग विवाह भएको छैन भनी गरेको बकपत्रसमेतबाट पुष्टि हुन आएको छ । प्रस्तुत मुद्दाका प्रतिवादीउपर लागेको अभियोग दाबी शंकारहित तवरले प्रमाणित हुने गरी वादी पक्षले प्रमाण पेस गर्न सकेको स्थिति रहेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ । केवल शंकाको आधारमा मात्र जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसुरदार ठहऱ्याउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई पीडित र जाहेरवालाको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भइरहेको देखिनुका साथै प्रतिवादीले पीडित भनिएकी नाबालिकालाई बालविवाह गरी जबरजस्ती करणी गरेको भन्ने शंकारहित तवरले पुष्टि हुन नसकेको अवस्थामा केवल शंकाको आधारमा प्रतिवादीलाई आरोपित कसुर गरेको मानी सजाय गर्न न्यायसङ्गत नहुने हुँदा प्रतिवादी घनश्याम वारीलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला अन्यथा नदेखिने ।

अत: उल्लिखित आधार, कारणबाट प्रतिवादी घनश्याम वारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. बमोजिम ६ वर्ष कैद गरी सोही महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट रू.२५,०००।- क्षतिपूर्ति भराइदिने र विवाहवरीको महल २(३) नं. बमोजिमको कसुरमा १,०००।- रूपैयाँ जरिवानासमेत गरेको सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।३।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- दिपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** ०७१-CR-०२७९, जबरजस्ती करणी उद्योग, अमर वि.क. वि. नेपाल सरकार

प्रतिवादीबाट भएको आफूउपरको कसुरजन्य कार्यको बारेमा पीडितले स-विस्तार तथा विस्तृतरूपमा मौकामा जाहेरी दिँदा उल्लेख गरेको देखिन्छ । सो जाहेरी बेहोरालाई समर्थन गरी

अदालतमा बकपत्रसमेत गरेको अवस्था देखियो । सामान्यतः जबरजस्ती करणी मुद्दाको वारदातमा प्रत्यक्षदर्शी हुँदैन । जबरजस्ती करणी लुकिछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा साक्षी हुन सक्दैन। त्यस्तो अवस्थामा पीडितको भनाइलाई नै गम्भीरताका साथ हेरिनुपर्ने हुन्छ । यस सम्बन्धमा **"जबरजस्ती करणीको कार्य लुकिछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन । यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ । अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने"** (ने.का.प.२०७५, भाद्र, नि.नं. १०००७) भनी यसै अदालतबाट न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिन्छ । जबरजस्ती करणी घटनाको पीडितलाई प्रत्यक्षदर्शी साक्षीको रूपमा लिनुपर्दछ । पीडितलाई घटनाको प्रत्यक्ष प्रमाण मानिन्छ । प्रस्तुत घटनाका पीडितले व्यक्त गरेको जाहेरी तथा बकपत्रको भनाइ अन्य वस्तुगत प्रमाणबाट गलत साबित भएको अवस्था छैन । आफूमाथि भएको अमानवीय, घृणीत तथा आपराधिक कार्यको बारेमा नाबालिग पीडितले कसैलाई पनि लाञ्छाना लाउनु पर्ने कुनै कारण रहेको नदेखिने।

पीडितलाई प्रतिवादी अमर वि.क.ले घरमा कामकाज गर्न तथा बच्चा हेर्न बस्छे भनी लिई गएका हुन् । निजले पीडित सुतेको ठाउँमा गई जबरजस्ती करणी गर्न खोज्दा प्रतिवादीको श्रीमतीले प्रतिवादीलाई तानी लगेको हो । प्रतिवादीलाई सजाय हुनुपर्छ भनी पीडितका बाबु तथा आमाले मौकामा कागज गरेको देखिन्छ । सो कागजलाई समर्थन गरी पीडितको सानीआमाले बचाएको कारण प्रतिवादीबाट जबरजस्ती करणी हुन नपाएको हो भनी पीडितको आमा बाबुले अदालतमा बकपत्रसमेत गरेको देखियो । यी पीडितलाई प्रतिवादीकै आश्रयमा राखिएको देखिन्छ । घरमा काम सघाउन र घरमा नानी हेर्न भनी पीडितलाई पुनरावेदक प्रतिवादीले राखेको अवस्था देखिने।

राप्ती उपक्षेत्रीय अस्पताल घोराही दाङको मिति २०६९।१०।२१ को स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको छातीमा सानो २ से.मी.को कोतारिएको घाउ छ भनी उल्लेख छ। पीडितले जाहेरी दिँदा र अदालतमा बकपत्र गर्दा शरीरको संवेदनशील अङ्गमा हात हालेको, छातीमा हात हाली लुगा छोडाउन खोजेको भनी उल्लेख भएबाट प्रतिवादीको जबरजस्ती करणीको प्रयासमा पीडितको छातीमा कोतारिएको भन्ने मौकाको जाहेरी तथा पीडितको बकपत्र उक्त स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिने।

प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ भने निजले मौकामा बयान गर्दा, मेरी कान्छी बहिनी गौरी वि.क. सँग पीडितको झै-झगडा हुँदा पीडितको छातीमा कोतारिएको भनी बयान गरेको र गौरी वि.क.ले अदालतमा बकपत्र गर्दा पीडितले मलाई झम्टी हान्न खोज्दा मैले पनि हानेर पछारी दिएको र पुनः पीडितले उठेर हान्न खोज्दा आफूले पीडितलाई पछार्न खोज्दा निजको छातीमा कोतारेको भनी बेहोरा लेखाएको देखिए तापनि निजको सो भनाइ पीडितको स्वास्थ परीक्षण प्रतिवेदनबाट खण्डित भएको छ । नाबालिका पीडितले यी गौरी वि.क. सँग लडाई झगडा गर्नुपर्ने के कारण पर्‍यो सो स्पष्ट छैन। निज प्रतिवादीको उक्त भनाइ कुनै वस्तुगत प्रमाणबाट पुष्टि भएको नदेखिँदा सो भनाइ न्यायोचित मान्न नसकिने।

घटना वारदातको परिस्थिति अवस्था र समय तथा घटनाको श्रृङ्खलालाई सूक्ष्मरूपमा हेर्दा, बाबु आमाबाट टाढा भएकी, यिनै पुनरावेदक प्रतिवादीकै आश्रयमा बसेकी पीडिता सुतेकी ठाउँमा रातको १ बजेको समयमा प्रतिवादी गई पीडितमाथि चढी पीडितको संवेदनशील अङ्ग समाती, पीडितको कपडा फुकाल्ने प्रयत्न गरेको देखिन्छ । पीडित चिच्याउँदा प्रतिवादीको श्रीमती अर्थात् पीडितकी सानीआमा रिमकला वि.क.आई प्रतिवादीलाई तानी लगेको अवस्था छ । प्रतिवादीको श्रीमती घटनास्थलमा नआएको भए जबरजस्ती करणीको कसुरजन्य पूर्ण अपराध हुने स्थिति रहेको देखिन्छ । पीडित सुतेको ठाउँमा रातको समयमा यी प्रतिवादी जानुबाट जबरजस्ती करणी गर्ने उद्देश्यले नै गएको देखिने ।

प्रतिवादीले अदालतमा बयान गर्दा पीडितका बाबु बेपत्ता भएका र आमा दोस्रो विवाह गरी गएको कारण पीडितलाई मैले र मेरी श्रीमतीले आफ्नै घरमा ल्याई पालेको भनी बयान गरेको देखिन्छ । नाबालिका आमा बाबुको साथ संरक्षण नपाएको असहाय देखिएकी छिन् । पीडित नाबालिका आफ्नै कान्छी आमा, कान्छा बुबाको घरमा बच्चाको हेरविचार गर्न तथा घरको कार्यमा सहयोग गर्न आएकी छोरी समानकी यी नाबालिका पीडितलाई रातको समयमा पीडितको कोठामा जानु, यौन इच्छा पूरा गर्ने नियतले गएको भन्ने पीडितको किटानी जाहेरी, बकपत्र तथा मौकाको कागज गर्ने मानिसको भनाइ र स्वास्थ्य परीक्षण प्रतिवेदनबाट स-प्रमाण पुष्टि भएको देखिँदा पुनरावेदक प्रतिवादीले अभियोग दाबीअनुसारकै कसुर गरेको पुष्टि हुन आउने ।

अभियोग दाबीको कसुरबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा २७(१) ले **"प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ"** भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ । पीडितलाई जबरजस्ती करणी उद्योग नगरेको भन्ने कुराको प्रमाण पेस गरी पुष्ट्याई गर्ने भार उल्लिखित कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक प्रतिवादीकै हो । प्रतिवादीले सजायबाट छुट वा सफाइ पाउन सक्ने प्रमाण पेस गर्न सकेको छैन । प्रतिवादीको अदालतको इन्कारी बयान वस्तुगत प्रमाणबाट पुष्टि भएको छैन । अदालतमा इन्कारी बयान गरेकै आधारमा मात्र आरोपित कसुरबाट सफाइ दिन मिल्ने देखिएन । तसर्थ, आफूलाई सजाय ठहर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

श्री जनता माध्यमिक विद्यालय रामपुर-६ दाङको मिति २०६९।१०।२५ को पीडितको उमेर खुलेको पत्रमा पीडितको जन्ममिति २०५५।७।१६ उल्लेख भएको देखिँदा पीडित परिवर्तित नाम जिल्ला प्रहरी कार्यालय दाङ 'ट' वारदात मिति २०६९।१०।१५ मा १४ वर्षकी भएकी देखिन्छ । तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ नं.मा चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सोही महलको ५ नं.मा जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने कानूनी

व्यवस्थासमेत देखियो । यी प्रतिवादी अमर वि.क.ले वर्ष १४ की परिवर्तित नाम जिल्ला प्रहरी कार्यालय दाङ 'ट' उपर जबरजस्ती करणीको उद्योगको कसुर गरेको पुष्टि हुने ।

अतः विवेचित आधार कारणसमेतबाट प्रतिवादी अमर वि.क.लाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको दाङ देउखुरी जिल्ला अदालतको मिति २०७०।२।१६ को फैसला उल्टी गरी निज प्रतिवादी अमर वि.क.लाई अभियोग दाबीअनुरूपकै कसुर कायम गरी तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(३) नं. ले हुने सजायमा उद्योगसम्मको कसुर गरेको देखिँदा ऐ. ५ नं. बमोजिम प्रतिवादी अमर वि.क. लाई ३(तीन) वर्ष कैद सजाय ठहर गरेको तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।१०।२९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः- भरतकुमार दहाल
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७६ साल मङ्सिर १७ गते रोज ३ शुभम् ।

## इजलास नं.९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री तेजबहादुर के. सी.,** *०७७-WH-००६३, बन्दीप्रत्यक्षीकरण, कृष्णानन्द भट्ट वि. उच्च अदालत पाटनसमेत*

निवेदक सुविन श्रेष्ठ विरूद्ध उच्च अदालत पाटनसमेत भएको ०७६-WH-०३०६ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७७/३/३० मा आदेश हुँदा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम बढीमा तीन वर्षसम्म कैद सजाय हुने मागदाबी लिई अभियोगपत्र दायर भएको मुद्दामा विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) को प्रयोग गरी प्रतिवादीलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्न मिल्दैन भनी व्याख्या भई सिद्धान्त कायम भएको देखिन्छ । यसरी भएको व्याख्या र कायम गरिएको सिद्धान्तभन्दा अन्यथा फरक दृष्टिकोण राख्नुपर्ने अहिले कुनै कारण देखिँदैन । उल्लिखित विवादका सन्दर्भमा प्रतिपादित सिद्धान्त यस विवादका सन्दर्भमा पनि आकर्षित हुने नै देखियो । उल्लिखित व्याख्या वा सिद्धान्त प्रतिकूल हुने गरी निवेदक कृष्णानन्द भट्टलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) को त्रुटिपूर्ण प्रयोग गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने भनी गरिएको काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७६/११/१ को आदेश कानून प्रतिकूल देखिँदा सो आदेश निवेदक कृष्णानन्द भट्टको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब यसमा तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी निजबाट धरौट वा जमानत लिई तारिखमा राख्नुपर्ने हो, होइन ? धरौट वा जमानत लिनुपर्ने भए के कति लिनुपर्ने हो ? अथवा तारिखमा राख्नुपर्ने हो ? भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ वा ६९ समेतका कानूनबमोजिम पुनः आदेश गर्नु भनी हाल मुद्दा विचाराधीन रहेको उच्च अदालत पाटनका नाउँमा परमादेश जारी हुने ठहर्छ । निवेदकलाई न्यायिक प्रक्रियाको सन्दर्भमा थुनामा राखिएको र उपर्युक्तअनुसारको आदेशको परिणामस्वरूप

निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृतः उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल असोज २८ गते रोज ४ शुभम्।

**२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-WO-०७६५, उत्प्रेषण, कृष्णप्रसाद खड्गीसमेत वि. पुनरावेदन अदालत हेटौंडासमेत*

मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ९ नं. बमोजिम निज शकुन्तलाले पाउने धनमा निजको हक नपुगेसम्म साहुले सो धनमा समाउन पाउने अवस्था हुँदैन । निज शकुन्तला खड्गीको आफ्नो आर्जनको वा आफूखुसी गर्न पाउने सम्पत्तिबाट मात्र विवादित लेनदेनको बिगो भरिभराउ हुन सक्तछ । निजको आफ्नो आर्जनको वा आफूखुसी गर्न पाउने सम्पत्ति रहेनछ भने पनि निजले पाउने धनमा निजको विधिवत् रूपमा हक नपुगेसम्म केवल सम्भावित अंशभागको गणना गरेर सासूको नाममा रहेको सम्पत्तिबाट बुहारीले आफूखुसी गरेको व्यवहारअनुसारको बिगो रकम भरिभराउ हुन सक्ने।

प्रत्यर्थीहरूको तर्फबाट प्रस्तुत विवादका सन्दर्भमा मुलुकी ऐन, दण्ड सजायको महलको २६ नं. को सन्दर्भसमेत उठाइएको देखिन्छ । वस्तुत: उक्त २६ नं. लाई निरपेक्ष रूपमा हेर्न मिल्ने देखिँदैन । कानूनको व्याख्या गर्दा एक-अर्का प्रावधानसँग संगतिपूर्ण (Harmonious) व्याख्या गरिनुपर्दछ। यस प्रकारको लेनदेनको बिगो भराउने विषयमा यस अदालतबाट पटकपटक व्याख्या र विवेचनासमेत भएका छन् । दिव्यध्वज कार्कीको मुद्दामा यस अदालतबाट व्याख्या हुँदा विवादको सम्पत्ति जसको नाममा छ उसको स्वीकृति वा जानकारीबेगर दण्ड सजायको २६ नं. को आधारमा भरिभराउ गर्न सकिने भनी मानेको खण्डमा लेनदेन व्यवहारको ८ र ९ नं. को व्यवस्था नै परास्त हुन जाने अवस्था रहन्छ; दण्ड सजाय महलको २६ नं. र लेनदेन व्यवहारको ८ र ९ नं. लाई सामञ्जस्यपूर्ण रूपले व्याख्या गर्नुपर्दछ; घरको व्यवहार गर्ने मुख्यको मन्जुरी नभएमा अन्य अंशियारले व्यवहार गरेको अवस्थामा सगोलको सम्पत्तिमा दायित्व सिर्जना हुन सक्तैन भनी व्याख्या गरिएको देखिन्छ । विष्णुदेव नुनियाको मुद्दामा यस अदालतबाट व्याख्या भई घरको मुख्य भई कामकाज गरेकोमा बाहेक अरू अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भने निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहुले सो धनमा समाउन पाउँदैन; मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरूले गरेको मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको रहेछ भने गोश्वारा धनबाट भरिभराउ गरी लिन पाउने हुन्छ भनी कानूनी स्थिति प्रस्ट पारिएको पाइन्छ । यसरी भएको व्याख्या र प्रतिपादित सिद्धान्तका सन्दर्भमा हेर्दा पनि प्रस्तुत विवादकी निवेदिका प्राणमाया खड्गीका नाममा रहेको सम्पत्तिबाट छोरा-बुहारी नाताकी शकुन्तला खड्गीले आफूखुसी गरेको व्यवहारअनुसारको बिगो रकम भरिभराउ हुन सक्ने नदेखिने।

अत: निवेदिकामध्येकी प्राणमाया खड्गीका नामको सम्पत्तिबाट बिगो भरिभराउ गर्ने गरी भएको प्रत्यर्थी पर्सा जिल्ला अदालतको मिति २०७०/१/२४ र २०७०/५/१४ को आदेश र पुनरावेदन अदालत हेटौंडाको मिति २०७०/९/२५ को आदेश कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर गरिएको

छ । अब यसमा निवेदिका प्राणमाया खड्गीका नामको कि.नं. १७ समेतका उल्लिखित लेनदेन मुद्दाको बिगोका सन्दर्भमा कुनै सम्पत्ति रोक्का राखिएको भए सो फुकुवा गरिदिई, प्रत्यर्थी शकुन्तला शाही खड्गीको हक पुग्ने सम्पत्तिबाट तत्काल प्रचलित मुलुकी ऐन, लेनदेन व्यवहारको ८ र ९ नं. तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ४८६ समेतका कानूनको दायरा वा सीमाभित्र रही प्रत्यर्थी राधिका भट्टराईको बिगो भरिभराउ कार्य गर्नु गराउनु भनी प्रत्यर्थी पर्सा जिल्ला अदालतसमेतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७८ साल पौष १६ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, ०६८-CR-०९३२, ०६९-CR-०१४१, ०६९-CR-०५३५, ०७०-CR-०४२४, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. देवबहादुर गुरूङसमेत, डिल्लीराम गुरागाई वि. नेपाल सरकार, गुणराज पौडेल वि. नेपाल सरकार, तारानाथ आचार्य वि. नेपाल सरकार

निज गुणराज पौडेलले कसुर गरेतर्फ मौकामा र अदालतमा समेत इन्कारी बयान बेहोरा लेखाएको भए तापनि सुयोग्य नामक कन्सल्टेन्सी निज गुणराज पौडेलको नाउँमा दर्ता रहेको देखिएको र प्रतिवादीमध्येको लिलादेवी श्रेष्ठले सुयोग्य कन्सल्टेन्सीको नामबाट जाहेरवालाहरूसँग रकम सङ्कलन गरेको कुरा मिसिल संलग्न रसिदहरूबाट समेत देखिन्छ। यी प्रतिवादीले सुयोग्य कन्सल्टेन्सी नामक कम्पनी स्थापना गरी प्रतिवादीमध्येको लिलादेवी श्रेष्ठलाई कर्मचारीको रूपमा काम लगाई कोहिनुर मेन पावरमार्फत मानिसहरूलाई वैदेशिक रोजगारमा पठाउन रकम उठाई कोहिनुर म्यान पावरमा रकमसमेत पठाएको संलग्न रसिदहरूबाट देखिएको र बालकुमार भण्डारीसमेतका जाहेरवालाहरूले यी प्रतिवादीउपर किटानी जाहेरी दिएको र सो जाहेरीलाई सुयोग्य कन्सल्टेन्सीका नाउँबाट रकम उठाई दिएको भरपाईसमेतबाट समर्थित भइरहेको देखिँदा निजको इन्कारी बयानको आधारमा मात्र यी प्रतिवादी आरोपित कसुरमा निर्दोष रहेछन् भन्न मिल्ने अवस्था नदेखिने।

निज प्रतिवादी तारानाथ आचार्यले सुरूमा बयानको क्रममा आफू विदेश जान भनी कोहिनुर म्यान पावरका सञ्चालक केदार कटुवाललाई रकम दिई निजले दिल्लीसम्म पुऱ्याई फर्काएपछि इटहरीमा शाखा खोली सो शाखाबाट विदेश जाने गाउँका केटा र आफ्नै नाताका मानिसहरूबाट रकम उठाई रू.१,४८,०००।- पठाएको हुँ भनी पीडित जाहेरवालाहरूसँग रकम उठाई कोहिनुर म्यान पावरका सञ्चालक केदार कटुवाललाई रकम पठाएको भनी साबिती बयान गरेको देखिन्छ । सो साबिती बयानलाई निर्मल श्रेष्ठलगायतका मानिसहरूले दिएको किटानी जाहेरी दरखास्तले समर्थन गरेको अवस्था रहेको छ। निजको बयान बेहोराबाट नै निजले कोहिनुर म्यान पावरको शाखा कार्यालय इटहरीमा खोली मानिसहरूलाई विदेश रोजगारमा पठाउने प्रलोभन दिई रकम उठाई कोहिनुर म्यान पावरलाई रकम दिएको तथ्यमा विवाद रहेन। मानिसलाई विदेश पठाउन रकम उठाई प्रतिवादीमध्येको केदार कटुवाललाई सहयोग गरेको भन्ने देखिन आएबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिल्ने अवस्था नदेखिने।

चिरन्जिवी मिश्रलगायतका जाहेरवालाहरूले

प्रतिवादी डिल्लीराम गुरागाईउपर किटानी जाहेरी दिएको देखिएको र प्रतिवादी ज्ञानु कटुवालसमेतले दिएको रकम र विदेश जाने व्यक्तिहरूको रकम बुझी लेखा राख्ने गरेको भन्ने कुरा निजले रकम उठाई दिएको नगदी रसिदबाट देखिँदा रकम उठाउने कार्यमा आफ्नो संलग्नता नरहेको भन्ने निजको पुनरावेदन जिकिर खम्बिर हुन सकेको देखिन आएन । यसका अतिरिक्त निज कोहिनुर म्यान पावर कम्पनीको कर्मचारी रहेको कुरामा साबित नै रहेको देखिन्छ । यसप्रकार जाहेरवालाहरूसँग रकम उठाउने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने कुरा निजले रकम बुझी दिएको रसिदबाट पुष्टि प्रमाणित भइरहेको देखिएको र त्यस्तो रकम जाहेरवालाहरूलाई फिर्तासमेत नदिएबाट यी प्रतिवादी पनि आरोपित कसुरमा निर्दोष रहेछन् भनी मान्न मिल्ने अवस्था नदेखिने ।

सुरूले, प्रतिवादी केदार कटुवालसमेतले सञ्चालन गरेको म्यान पावर कम्पनीसँग मिली प्रतिवादीहरू गुणराज पौडेल, लिलादेवी श्रेष्ठ, तारानाथ आचार्य, डिल्लीराम गुरागाई, ज्ञानु कटुवाल र कृष्ण कटुवालले मानिसहरूलाई वैदेशिक रोजगारमा पठाउने कार्यमा सहयोगसम्म गरेको र निजहरूले जाहेरवालाहरूको यो यति रकम उठाई खाई मासेको भन्ने नदेखिएको भनी मुख्य कसुरदार मानिएका केदार कटुवाललाई भएको सजायको आधा सजाय मात्र गर्ने गरेको फैसला र निजहरूदेखि बाहेकका अन्य प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला नमिलेकोले यी सबै प्रतिवादीको भूमिका मुख्य कसुरदारकै सरह रहेकाले विरूद्ध खण्डमा उल्लिखित सबै प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादीहरू गुणराज पौडेल, लिलादेवी श्रेष्ठ, तारानाथ आचार्य, डिल्लीराम गुरागाई, ज्ञानु कटुवाल र कृष्ण कटुवालले माथि उल्लिखित दफाहरूमा विवेचना भएबमोजिम मानिसहरूबाट वैदेशिक रोजगारमा पठाइदिने भनी आश्वासन दिई निजहरूले रकम उठाई केदार कटुवाललगायतले सञ्चालन गरेको कोहिनुर म्यान पावर कम्पनीमा पैसासम्म पठाएको देखिएको र निजहरूले सङ्कलन गरेको रकम निजहरू आफैँले यो यति रकम यस्तो तरिकाबाट खाए मासेको भन्ने मिसिल सलग्न सङ्कलित रसिद प्रमाणहरूबाट समर्थन हुन सकेको नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै सजाय गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहने ।

अब सुरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको प्रतिवादीहरू डि.वि. भन्ने देवबहादुर गुरूङ, के.वि. भन्ने केशबहादुर गुरूङ, तारा गौतम, उमेश ढुङ्गेल, सुमन कार्की, लक्ष्मी भण्डारी, राजिव तामाङ, कोषलाल श्रेष्ठ, देवीमाया पुरी, निर्मल भण्डारी, मनोज गमदेन, डि.वि. दाहाल, उदय श्रेष्ठ, जगदीश अधिकारी, हिराकाजी महर्जन, इन्दिरा पौडेल, अरूणकुमार ढकाल र विष्णु काफ्लेको हकमा विचार गर्दा, यी प्रतिवादीहरूले जाहेरवालाहरूबाट रकम सङ्कलन गरेको भन्ने नदेखिएको, निजहरूले जाहेरवालाहरूको यो यति रकम उठाई मासी खाएको पनि नदेखिएको एवं निजहरूउपरको जाहेरी दरखास्त अन्य कुनै लिखत कागजातबाट समर्थन हुन सकेको नपाइँदा निजहरूले आरोपित कसुर गरेको देखिने सबुद प्रमाणको अभावमा निज प्रतिवादीहरूलाई पनि अभियोग माग दाबीबमोजिम सजाय गर्नुपर्दछ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न

नसक्ने।

अतः प्रतिवादी केदार कटुवालले आरोपित कसुर गरेको ठहर गरेको र प्रतिवादीहरू लिलादेवी श्रेष्ठ, ज्ञानु कटुवाल र कृष्ण कटुवालले जाहेरवालाहरूको रकम ठगी गर्ने कार्यमा सहयोग पुऱ्याएको भनी मुख्य प्रतिवादीलाई भएको सजायको आधा सजाय गर्ने गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाउपर निजहरूको पुनरावेदन परेको नदेखिएको हुँदा सो हदसम्म केही बोलिरहन नपर्ने।

प्रतिवादीहरू गुणराज पौडेल, लिलादेवी श्रेष्ठ, तारानाथ आचार्य, डिल्लीराम गुरागाई, ज्ञानु कटुवाल र कृष्ण कटुवाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिम सजाय हुने ठहर गरेको र प्रतिवादीहरू डि.वि. भन्ने देवबहादुर गुरूङ, के.वि. भन्ने केशबहादुर गुरूङ, तारा गौतम, उमेश ढुङ्गेल, सुमन कार्की, लक्ष्मी भण्डारी, राजिव तामाङ, कोषलाल श्रेष्ठ, देवीमाया पुरी, निर्मल भण्डारी, मनोज गमदेन, डि.वि. दाहाल, उदय श्रेष्ठ, जगदीश अधिकारी, हिराकाजी महर्जन, इन्दिरा पौडेल, अरूणकुमार ढकाल र विष्णु काफ्लेहरूलाई सफाइ दिने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।६।८ को फैसला कानूनसम्मत भई मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विनोदप्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल मङ्सिर २० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-CI-०४६०, उत्प्रेषण, मिथलेश सिंह वि. शोभा देवी कौपरसमेत*

जग्गा खरिद गरिसकेपछि साबिक जग्गाधनी र मिथिलेस सिंहबिच चलेको चलन मुद्दामा पक्ष कायम गरिपाउँ भनी शोभादेवी कौपरले दिएको निवेदनउपर सिराहा जिल्ला अदालतबाट मिति २०६८/१/८ मा शोभादेवी कौपरले मुद्दा सकार गर्न पाउने भनी आदेश गरेको र सो आदेश पुनरावेदन अदालत राजविराजबाट मिति २०६८/१/२२ मा सदर भएको पाइयो। प्रेमप्रसाद उपाध्यायसमेतबाट कि.नं. ३६६ को जग्गा शोभादेवी कौपरले मिति २०६७/९/२६ मा राजीनामा लिखतबाट खरिद गरी लिइसकेपछि उक्त जग्गामा शोभादेवी कौपरको हक स्थापित भएको देखियो। यस अवस्थामा विवादित जग्गाको विषयमा चलिरहेको विवादका सन्दर्भमा शोभादेवी कौपरले मुद्दा सकार गर्न पाउने नै हुन्छ। साबिक जग्गाधनी प्रेमप्रसाद उपाध्यायसमेत र मिथिलेश सिंहबिच कि.नं. ३६६ को जग्गा चलनको विषयलाई लिएर चलेको कारबाहीका सन्दर्भमा पक्ष कायम गरी मुद्दा सकार गराई दिने गरी तह-तह अदालतबाट भएको आदेश कानूनअनुकूल नै देखिन्छ। यस प्रकारको सामान्य कार्यविधिगत विषयमा रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्नुपर्ने कुनै उचित कारण नदेखिने। निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब नै देखिने।

अत: रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८/१०/१५ मा भएको आदेश (फैसला) मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल मङ्सिर १४ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-००४६, बन्दीप्रत्यक्षीकरण,*

*शैलेन्द्रप्रसाद यादव वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत*

निवेदक सुविन श्रेष्ठ विरूद्ध उच्च अदालत पाटनसमेत भएको ०७६-WH-०३०६ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७७/३/३० मा आदेश हुँदा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम बढीमा तीन वर्षसम्म कैद सजाय हुने मागदाबी लिई अभियोगपत्र दायर भएको मुद्दामा विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) को प्रयोग गरी प्रतिवादीलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्न मिल्दैन भनी व्याख्या भई सिद्धान्त कायम भएको देखिन्छ। यसरी भएको व्याख्या र कायम गरिएको सिद्धान्तभन्दा अन्यथा फरक दृष्टिकोण राख्नुपर्ने अहिले कुनै कारण देखिँदैन। उल्लिखित विवादका सन्दर्भमा प्रतिपादित सिद्धान्त यस विवादका सन्दर्भमा पनि आकर्षित हुने नै देखियो। उल्लिखित व्याख्या वा सिद्धान्त प्रतिकूल हुने गरी निवेदक परमेश्वर शाहलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) को त्रुटिपूर्ण प्रयोग गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने भनी गरिएको काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७६/२/१६ को आदेश कानून प्रतिकूल देखिँदा सो आदेश निवेदक परमेश्वर साहको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब यसमा तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी निजबाट धरौट वा जमानत लिई तारिखमा राख्नुपर्ने हो, होइन ? धरौट वा जमानत लिनुपर्ने भए के कति लिनुपर्ने हो ? अथवा तारिखमा राख्नुपर्ने हो ? भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ वा ६९ समेतका कानूनबमोजिम पुनः आदेश गर्नु भनी हाल मुद्दा विचाराधीन रहेको उच्च अदालत पाटनका नाउँमा परमादेश जारी हुने ठहर्छ। निवेदकलाई न्यायिक प्रक्रियाको सन्दर्भमा थुनामा राखिएको र उपर्युक्तअनुसारको आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृत: वीरेन्द्रबहादुर मल्ल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल आश्विन ६ गते रोज ३ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-१०१२, निषेधाज्ञा, कपिलमणी चौरेल वि. कृषि विकास बैंक लिमिटेड क्षेत्रीय कार्यालय गौशालासमेत*

पुनरावेदकले यस अदालतसमक्ष पुनरावेदन गर्दा आफ्नो नागरिक अधिकार ऐनअनुसारको सम्पत्ति उपभोग गर्न पाउने यो यस्तो हक यसरी उल्लङ्घन भएकोमा कानूनबमोजिम उपचार प्रदान नगरी निवेदन खारेज गरिएको भनी जिकिर लिन नसकी आफ्नो मूल्यवान् जग्गा समय नै नदिई नियतवस लिलामी प्रक्रियामा लगेको भनी पुनरावेदन बेहोरामा उल्लेख गरेको पाइयो। २०५७ सालमा प्रवाह भएको कर्जा असुलीको लागि विपक्षी कृषि विकास बैंकबाट १४ वर्षपश्चात् विपक्षी बैंकले समेत कानूनबमोजिम प्रक्रिया पूरा गरी पुनरावेदकलाई सूचनासमेत दिई लिलामसम्बन्धी कार्य गर्न लागेको पाइयो। आफूले लिएको कर्जा समयमा नै चुक्ता नगरेबापत विपक्षी कृषि विकास बैंकले कर्जा असुलीको लागि कानूनी

रीतपूर्वक पुनरावेदकलाई सूचनासमेत दिई सुरक्षणमा रहेको सम्पत्ति लिलामी प्रक्रिया सुरू गरेको देखिएको र लिलामीको लागि निर्धारित समयमा उच्च अदालत पाटनको आदेशअनुसार प्रसस्त समय प्राप्त गरी सो समयावधिसमेत व्यतीत गरी कर्जा लिँदाको बखत आफूले स्वीकार गरेको सर्तसमेत उल्लङ्घन गरेका पुनरावेदकको कानूनबमोजिम प्रदत्त सम्पत्तिसम्बन्धी हक उल्लङ्घन भएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणसमेतबाट निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७१।८।४ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७७ साल असार ३० गते रोज ३ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-१०१८, निषेधाज्ञा / परमादेश, देवलाल श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय सिंहदरबारसमेत*

पुनरावेदकहरूले सुरू निवेदन वा पुनरावेदनमा राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ को कुनै कुरा उल्लेख नगरेको र सार्वजनिक सडक ऐन, २०३१ र मिति २०३४।३।२० मा राजपत्रमा प्रकाशित सूचनाको कुरासम्म उल्लेख गरेको पाइन्छ। यो विवाद २५।२५ गजभन्दा बढी २५।२५ मिटरभित्रको विवाद हो भनी स्पष्ट जिकिर लिएको पनि नदेखिएको र बेहोरा लुकाई आएको यस्तो पुनरावेदनबाट पुनरावेदकहरूको मागबमोजिमको आदेश जारी हुने अवस्थासमेत नदेखिएबाट रिट निवेदन खारेज गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।१९ को आदेशलाई पनि अन्यथा भन्न मिल्ने नदेखिने।

अतः माथि उल्लिखित आधार कारणसमेतबाट तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल पुस १० गते रोज ०६ शुभम्।

- यसमा यसै लगाउको ०७२-CI-१०१९, निषेधाज्ञा / परमादेश, मेवाङ शेर्पासमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय सिंहदरबारसमेत भएको मुद्दामा पनि यसैअनुसारको फैसला भएको छ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CI-०३०३, निषेधाज्ञा / परमादेश, लताकुमारी प्रधान जोशीसमेत वि. सहरी विकास मन्त्रालय, उपत्यका नगर विकास प्राधिकरण अनामनगर, काठमाडौंसमेत*

नगरको भौतिक विकासको लागि आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्न सक्ने अधिकार नगर विकास ऐन, २०४५ को दफा ३ बमोजिम नगर विकास समितिलाई रहेकोले सोही आधारमा जनसाधारण र सम्बद्ध निकायहरूको सहभागितामा G.L.D. कार्यक्रम लागु भई सार्वजनिक हित र सरोकारको आवश्यकतामा निहित कार्यक्रम सञ्चालन भएको देखिएको भनी उच्च अदालत पाटनबाट मिति २०७३/१०/१९ मा निर्णय हुँदा र सोपूर्व यिनै निवेदिका लताकुमारी प्रधान जोशी, कान्ति महत, सुमेश पराजुली, पुष्कर रायमाझीसमेतले दिएको ०६९-WO-०१५६ को रिट निवेदनमा समेत

क्षतिपूर्तिको हक अक्षुण्ण राखिएको पाइएको र आफ्नो हक स्वामित्वको के कुन जग्गा घर टहरा सडक विस्तारमा पर्‍यो भन्ने कुरा निवेदकले सम्बन्धित निकायमा निवेदनमार्फत राख्न सक्ने नै देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञायुक्त परमादेश जारी हुने अवस्थाको विद्यमानता नभएबाट रिट निवेदन खारेज हुने ठहर्‍र्‍याई भनी उच्च अदालत पाटनबाट मिति २०७३।१०।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CI-०५७५, निषेधाज्ञा, कुलदीप चमार वि. मञ्जुदेवीसमेत*

पुनरावेदकले उच्च अदालत जनकपुरमार्फत यस अदालतमा पुनरावेदन गरेको र उच्च अदालत जनकपुरमा निज पुनरावेदक कुलदीप चमारको अधिकृत वारेस भोला रविदास चमारले मिति २०७६।५।२८ मा सर्वोच्च अदालतमा हाजिर हुन जाने छु भनी उच्च अदालत जनकपुरमा मिति २०७६।३।२६ मा हस्ताक्षर गरे पनि निज पुनरावेदक स्वयं तथा निजको कुनै कानूनबमोजिमको प्रतिनिधिसमेत यस अदालतमा हाजिर हुनका लागि आफूले तोकी पाएको तारेखको मिति २०७६।०५।२८ मा यस अदालतमा उपस्थित नभई निजले लिएको तारेखसमेत गुज्रिएको र सो तारेख गुजारेको भनी मुद्दा फाँटबाट प्रमाणितसमेत भई आएको अवस्था देखिँदा पुनरावेदक आफैँ पनि प्रस्तुत मुद्दाका सम्बन्धमा कानूनी उपचारका लागि सक्रिय रहेको भन्ने पनि नदेखिने।

अतः माथि उल्लिखित आधार कारणसमेतबाट उच्च अदालत जनकपुरबाट मिति २०७५।०३।२६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल पुस १० गते रोज ६ शुभम्।

## इजलास नं.१२

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१८५५, जबरजस्ती करणी, नेपाल सरकार वि. भविन खड्का*

मिसिल संलग्न पीडित परिवर्तित नाम १०-D-१७-२०-F को स्वास्थ्य परीक्षण प्रतिवेदनको Identification marks महलमा A small scar mark 1cm lenth 0.5cm below Lateral canthus of Rt eye भन्ने उल्लेख भएको देखिन्छ। प्रतिवादी भविन खड्काले सुरू अदालतमा बयान गर्दा आफूले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन छैन, निर्दोष छु भनी बयान गरेको देखियो। जाहेरवालीले अदालतमा आई बकपत्र गर्दा आफूलाई प्रतिवादीले डरत्रास देखाई जबरजस्ती करणी गरेको हो भनी बेहोरा लेखाए पनि मिसिल संलग्न यी जाहेरवालीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट यी जाहेरवालीउपर प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने कुनै लक्षण देखिँदैन। जाहेरवालीको स्वास्थ्य परीक्षण गर्ने डाक्टर जीवनाथ धमलाले सुरू अदालतमा गरेको बकपत्रमा पीडितको Hymen नच्यातिएको, शरीरमा कुनै किसिमको चोटपटक नभएको, शरीरको सम्पूर्ण

अवस्था सामान्य भएको र योनिबाट निकालिएको भेजिनल स्वास्थ्य परीक्षण गर्दा प्रतिवादीको Sperm cell नपाइएको, यौनाङ्गमा कुनै चोटपटक नदेखेकोले पीडितलाई जबरजस्ती करणी भएको भन्न नसकिने भनी बेहोरा लेखाई दिएको देखिन्छ । मिसिल संलग्न कागजातबाट पीडितको उमेर २० वर्ष रहेको देखिन्छ । यदि प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भए सङ्घर्षका चिह्नहरू पनि देखिनु पर्दथ्यो तर मिसिल संलग्न तथ्य प्रमाणबाट त्यस्तो अवस्था देखिँदैन। पीडितको स्वास्थ्य परीक्षणसमेतबाट पीडितउपर जबरजस्ती करणी भएको पुष्टि हुने कुनै प्रमाण नदेखिएको अवस्थामा आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी दिएको जाहेरी र अदालतको बकपत्रलाई मात्र आधार मानी जबरजस्ती करणी जस्तो गम्भीर अपराधमा प्रतिवादीलाई सजाय गर्नु फौजदारी न्यायको सामान्य सिद्धान्तविपरीत हुन जाने।

तसर्थ, प्रतिवादी भविन खड्कालाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७५।०१।१२ मा भएको फैसला बदर गरी प्रत्यर्थी प्रतिवादी भविन खड्काले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।०७।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल असार १८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१९३७, जबरजस्ती करणी तथा चोरी, नेपाल सरकार वि. सकिल खान*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा सुन्धारास्थित ॐ सुन्धारा गेष्ट हाउसको कोठा नं. ४०२ बुक गरी उक्त कोठामा अलगअलग सुतेका हौं भनी करणी गरेतर्फ इन्कार रही बयान गरेको भए तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा (स.ज.९ मा) जाहेरवालीलाई रक्सी खान बाध्य बनाई रक्सी लागेपछि गोंगबु बसपार्क जाने क्रममा ॐ सुन्धारा गेष्ट हाउसमा लगी ४०२ नं. को कोठा बुक गरी कोठामा रक्सीको नसामा लट्ठिएर निदाएकी जाहेरवालीलाई जबरजस्ती करणी गर्न लाग्दा थाहा पाई कराएमा तिम्रो बेइज्जती हुन्छ भनी डर देखाई बोल्न कराउन नदिई निजको हात समाई जबरजस्ती करणी गरेको र केही बेरपछि उत्तेजित गर्ने ZENEGRA ट्याबलेट सेवन गरी जाहेरवाली निद्रामा रहेको अवस्थामा पुनः दोस्रो पटक करणी गर्न लाग्दा नमानेकोले डर त्रासमा पारी गाला टोक्दै करणी गरेर सोही खाटमा निजसँगै सुतेँ भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । घटनास्थल प्रकृति मुचुल्का हेर्दा उक्त कोठामा एउटा मात्र बक्स पलङ रहेको देखिएको, वारदात स्थलबाट ZENEGRA-100 ट्याबलेट थान ४ र Anplay-20 ट्याबलेट थान ४ फाइल च्यातिएको अवस्थामा बरामद भएको र नेपाल प्रहरी अस्पतालबाट च.नं. ३०४ मिति २०७३।१२।१३ को पत्रबाट उक्त औषधी सेवनले यौन उत्तेजना बढाउने काम गर्छ भनी लेखी आएको मिसिल संलग्न पत्रबाट देखिन्छ। प्रस्तुत अवस्थामा जाहेरी बेहोरा र पीडित जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्रको कथनलाई प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, घटनास्थल तथा बरामदी मुचुल्का, बारदातस्थलमा बरामद भएको यौन उत्तेजक बढाउने औषधी र प्रतिवादीले आफ्नो नामबाट ॐ सुन्धारा गेष्ट हाउसमा कोठा नं. ४०२ को रूम बुक गरेको दर्ता रजिस्टर्डबाट समर्थन भएको देखिन आउने।

पीडित जाहेरवालीले अदालतसमक्ष उपस्थित भई प्रतिवादीले कुटपिटसमेत गरी जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको देखिएको सन्दर्भमा जबरजस्ती करणीको कसुर हुनको लागि मुख्यतः तीनवटा आधारभूत तत्त्वहरू हुन अनिवार्य हुन्छः- जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरीको अभाव, यस्ता आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसुर स्थापित हुने।

जाहेरवालीले आफ्नो जाहेरी दरखास्तमा प्रतिवादीले आफ्नो ब्यागमा भएको नगद रू.८०,०००।– रकम चोरी गरी लगेकोले सो रकम भराइपाउँ भन्ने जिकिर लिएको पाइन्छ । सो सम्बन्धमा विचार गर्दा, जाहेरवालीले आफ्नो जाहेरी बेहोरामा उक्त दाबी लिए तापनि प्रतिवादी रकम लगेको भन्ने कुरामा इन्कार रही बयान गरेको, प्रतिवादीबाट उक्त रकम बरामद हुन पनि नसकेको र निजले कहीँकतै लगी खाई मासेको भन्ने प्रमाणसमेत वादी पक्षबाट पेस हुन सकेको अवस्था नदेखिएबाट उक्त रकम प्रतिवादीले नै चोरी गरेका होलान् भनी अनुमान गर्न मिल्ने अवस्था नदेखिँदा सुरू जिल्ला अदालतबाट प्रतिवादीलाई चोरीतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसला सो हदसम्म सदर गरेको उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिँदा मिलेकै देखिन आउने।

तसर्थ, प्रतिवादीउपरको चोरीतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको सुरू फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने र जबरजस्ती करणीतर्फ प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सो हदसम्म बदर गरी प्रतिवादीले आरोपित कसुर गरेको ठहर गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने र प्रतिवादीबाट पीडितलाई रू.१०,०००/- रूपैयाँ क्षतिपूर्ति भराइदिने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिने।

अतः चोरीतर्फको अभियोग दाबीबाट प्रतिवादी सकिल खानले सफाइ पाउने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७४।०५।१२ को फैसला सदर हुने र जबरजस्ती करणीतर्फ प्रतिवादीलाई सफाइ दिने गरी भएको उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादी सकिल खानलाई अभियोग दाबीबमोजिम ५ वर्ष कैद हुने र प्रतिवादीबाट पीडितलाई रू.१०,०००।- क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।५।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल असार १८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७६-CR-१३८१, कर्तव्य ज्यान, नेपाल सरकार वि. राहुल राई

प्रस्तुत मुद्दामा प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसक्दा साधारण साधनले हान्दा मृतक रत्नमाया कटुवालको ज्यान गएको हो वा होइन ? भन्नेतर्फ हेर्दा वारदातस्थलमा मृतक रत्नमाया गएको र निजले झगडा गरिरहेका प्रतिवादी राहुल राई र आफ्नो छोरा कुमार कटुवाललाई छुट्याउने प्रयास गरेको भन्ने तथ्यमा समेत विवाद

देखिँदैन। वारदातको समग्रतालाई हेर्दा जाहेरवालाको घर परिवारका मानिसहरू, प्रतिवादी राहुल राईको घर परिवारको मानिसहरू र गाउँका मानिसहरूबिच कंगुले खोलाबाट उम्रेको पानी को कसले, कसरी लाने भन्ने विषयमा वडा अध्यक्षसमेतको उपस्थितिमा भतेरे डाँडामा छलफल राखेको देखिन्छ । उक्त छलफलको क्रममा जाहेरवाला बासुदेव कटुवाल र प्रतिवादी राहुल राईसमेतका पक्षबिच एक अर्कामा गालीगलौज भएको देखिन्छ । जाहेरवालाको दाजु कुमार कटुवालले प्रतिवादीले खानेपानीको लागि जोडेको पाइप तानी फाल्दा प्रतिवादी राहुल राई र कुमार कटुवालबिच हात हालाहालको अवस्था भएकोसमेत देखिन्छ । दुवै जनाबिच हात हालाहाल भएको बेला जाहेरवालाकी आमा मृतक रत्नमाया कटुवाल निजहरूलाई छुट्याउन गएको अवस्थामा मृतक रत्नमायालाई अकस्मात लाग्न गई निज भुइँमा लडेको देखिन्छ, छुट्याउन आएको वृद्ध व्यक्तिलाई लाग्न गएमा मर्न सक्ने वा अप्रिय घटना घट्न सक्छ भन्नेतर्फ होस नपुऱ्याई प्रतिवादी राहुल राईले हेलचेक्र्याइँ गरेको कारण मृतक निज रत्नमाया कटुवालको मृत्यु भएको देखिने।

मौकामा कागज गर्ने वडाध्यक्ष सिताराम राईले मृतक रत्नमाया लडेको देखी फुपूलाई के भयो, कसरी लड्नुभयो भनी सोधेकोमा मृतक रत्नमायाले खोई यिनीहरूलाई छुट्याउन जाँदा लडेको रहेछु भनेको भनी लेखाएको पाइन्छ । मौकामा कागज गर्ने निज वडाध्यक्ष सीतारामसँग मृतकले मर्नुअघि प्रतिवादीले मेरो घाँटीमा समाए, मलाई हुत्याए भनेको पाइँदैन। त्यसैगरी वडाध्यक्ष सीताराम राईले मौकाको कागजमा प्रतिवादीलाई मृतक रत्नमाया कटुवालले माफी दिएको बेहोरासमेत उल्लेख गरेको पाइन्छ । पछि वडाध्यक्ष सिताराम राई धनकुटा अस्पतालमा पुगी हेर्दा मृतकको अवस्था सामान्य रहेको र डाक्टरलाई सोधपुछ गर्दा पखाला लागेर सिरियस भएको हो भनेपछि मृतक फुपूलाई सम्झाई बुझाई गरी म आफ्नो घरतर्फ लागेँ भनी लेखाएकोसमेत देखियो। तसर्थ, प्रस्तुत अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ११ बमोजिम मरेको व्यक्तिले मर्नुअघि होस छँदै व्यक्त गरेको यस्तो मुद्दामा अन्तरनिहित सबल तथ्यहरू न्यायको रोहमा बढी नै सान्दर्भिक हुने।

प्रतिवादी राहुल राईले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाको दाजु कुमार कटुवालसँग हात हालाहाल भएपछि जाहेरवालाको आमा रत्नमाया कटुवाल छुट्टयाउन आउँदा के कसरी निज भुइँमा लड्नुभयो थाहा भएन, जाहेरवालाको आमालाई घाँटी थिची धकेली लडाएको होइन भनी आरोपित कसुरमा पूर्णत: इन्कार भई बयान गरेको र अदालतमा समेत सोही मिलानको बेहोरा लेखाएको देखिन्छ । प्रतिवादीका साक्षी हेमकुमारी राईले प्रतिवादीको इन्कारी बयान बेहोरालाई समर्थन गरी बकपत्र गरेको पाइन्छ । मृतक रत्नमायाका परिवारबाहेकका अन्य व्यक्तिले प्रतिवादीले मृतकको घाँटीमा थिचेको तथ्य बताएको भन्ने मिसिल संलग्न तथ्यबाट देखिँदैन । मृतकको शव परीक्षण प्रतिवेदनमा समेत घाटीमा निलडाम वा अन्य कुनै चोटपटक लागेको अवस्था देखिँदैन । दुईजनाको बिचमा झगडा भइरहेको अवस्थामा मृतक छुट्याउन जाँदा निजलाई अकस्मात चोट लाग्न पुगी निज घाइते भएको अवस्था देखिएबाट प्रतिवादीले आफूहरूबिच झगडा हुँदा मृतकलाई चोट लाग्न सक्नेतर्फ सजगता अपनाएको भने पाइएन। तर प्रतिवादीले गरेको हेलचेक्र्याइँयुक्त व्यवहारको कारण मृतकको मृत्यु भवितव्यबाट भएको देखियो । यसरी हेर्दा भवितव्यको वारदात कायम हुन कसैले आफूले

गरेको कुनै कार्यबाट कुनै व्यक्ति मर्ला जस्तो नदेखिए तापनि अप्रत्यासित रूपमा मानिसलाई लाग्न पुगी मरेको अवस्था देखिनुपर्छ । प्रस्तुत वारदातमा पनि दुईजना हात हालाहाल गरी झगडा गरेको अवस्थामा मृतक छुट्याउन जाँदा मृतकलाई चोट लाग्न गएको र निजको उपचारको क्रममा मृत्यु भएको देखिएकोले प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट फैसला हुँदा मृतकको मृत्यु भवितव्यबाट भएको ठहर गर्नु न्यायोचित नै देखिन आउने ।

तसर्थ, सुरू धनकुटा जिल्ला अदालतबाट प्रतिवादी राहुल राईलाई आरोपित कसुर ठहर गरी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादीबाट पीडित पक्षलाई क्षतिपूर्तिबापत रू.७५,०००।– भराइदिने गरी भएको फैसला केही बदर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको ६ नं. को देहाय २ बमोजिम प्रतिवादीलाई १ वर्ष ६ महिना कैद र रू.४००।- जरिवाना हुने ठहऱ्याई भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिने ।

अतः सुरू धनकुटा जिल्ला अदालतको मिति २०७५।६।१५ को फैसला केही बदर गरी प्रत्यर्थी प्रतिवादी राहुल राईलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको ६ नं. को देहाय २ बमोजिम १ वर्ष ६ महिना कैद र रू.४००।- जरिवाना हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।७।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल असार १६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७६-CI-०२४९, निषेधाज्ञा, चन्द्रकलादेवी साह वि. जितन साहसमेत

निवेदकको कि.नं.६३६ को जग्गामा विपक्षीहरूले मिति २०७५।७।१४ गतेका दिन JCB समेत लिई अनधिकृत तवरबाट निजको जग्गामा भएको रूख, पर्खाल भत्काउन लागेको कुरा सुनी तत्कालै थाहा पाई उक्त स्थानमा गई सोधनी गर्दा हामीले तिम्रो जग्गामा सडक बाटो निर्माण हेतु यसपल्ट सिमाङ्कन गऱ्यौं अर्कोपल्ट आउँदा सडक निर्माण गर्छौं भनी भन्दा विपक्षीहरूको उक्त गैरकानूनी कार्य रोक्न निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी उच्च अदालत जनकपुर, राजविराज इजलासमा निवेदन परी उक्त अदालतबाट मिति २०७५।७।१८ गते अन्तरिम आदेशसमेत जारी भएको देखिन्छ। विपक्षीहरूको तर्फबाट मिति २०७५।८।१८ मा पेस भएको लिखित जवाफमा ७ महिनाअगाडि नै निवेदकको जग्गामा बाटो निर्माण कार्य सम्पन्न भइसकेको भनी कार्य सम्पन्न प्रतिवेदनसमेत पेस भएको कुरा मिसिल संलग्न उक्त प्रतिवेदनको प्रतिलिपिबाट देखिने ।

यसरी पुनरावेदक निवेदक जुन कार्य हुन आँट्यो रोकिपाउँ भनी निवेदन लिई अदालत प्रवेश गरेको छ, उक्त कार्य नै सम्पन्न भइसकेको अवस्थामा उक्त कार्यलाई रोक्न सकिने स्थिति नै रहने देखिँदैन । पुनरावेदक निवेदकले रोक्न माग गरेको जरिया नै समाप्त भइसकेको अवस्थामा निषेधाज्ञाको निवेदनको रोहबाट प्रस्तुत विवादमा उपचार प्रदान गर्न नसकिने आधार र कारण देखाई पुनरावेदन अदालत जनकपुर, राजविराज इजलासले निवेदन

खारेज हुने भनी गरेको फैसलामा अन्यथा भयो भनी भन्न सक्ने अवस्था नदेखिई कानूनबमोजिम मिलेकै देखिन्छ । पुनरावेदक निवेदकको समग्र पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ठहऱ्याई निवेदन खारेज हुने भनी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७६।२।५ मा भएको आदेश कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७७ साल चैत्र ११ गते रोज ४ शुभम् ।

## इजलास नं.१४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०५१३, झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, राजेन्द्र पौडेल वि. नेपाल सरकार*

पुनरावेदकले बिमा समितिको शाखा अधिकृत पदको सेवा प्रवेश गर्न २०५७ सालमा उक्त आई.ए. तहको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको देखिँदा उक्त दिनाङ्क ३०-१२-०८ पत्राङ्क BSEB (SS/DS/UER १९८२/२००८) साथ प्रमाणीकरण विवरणको सि.नं. ७ मा परीक्षा इन्टर वर्ष सन् १९८६ अनुक्रमाङ्क PA/०४, छात्र / छात्राका नाम राजेन्द्र पौडेल, पिताको नाम लोकबहादुर पौडेल योग ३१९ श्रेणी ।।। को प्रमाण पत्र नक्कली नै रहेको ।

पुनरावेदक प्रतिवादी राजेन्द्र पौडेलले उक्त शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी बिमा समिति पदमा लाभ लिएकोमा कुनै विवाद देखिँदैन । निजले समेत सो कुरा स्वीकार नै गरेको देखिन्छ । निजको उक्त कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर रहेको ।

तसर्थ, माथि विवेचित आधार, प्रमाण, कारण र आधारमा पुनरावेदक प्रतिवादी राजेन्द्र पौडेलले आई.ए. तहको नक्कली बेहोराको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको भनी सोही ऐनको दफा २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृत: रामाकान्त यादव
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७६-CR-०९०४, रेडपाण्डाको छाला ओसारपसार, नेपाल सरकार वि. राजेश ओलीसमेत

यसरी प्रतिवादी राजेश ओलीले चिन्दै नचिनेको व्यक्तिले आफूलाई अह्राएको झोला रू.१,०००।– (एक हजार रूपैयाँ) पाउने लोभमा लिई दिने काम गरेको पाइन्छ । उक्त काम गर्ने क्रममा त्यसरी काम अह्राउने व्यक्तिले दिएको झोलामा प्रतिबन्धित वन्यजन्तु रेडपाण्डाको छाला रहेको र निजले लिएको सो झोला बरामद र निजको शरीर खानतलासी गर्दा उक्त प्रतिबन्धित छाला निज प्रतिवादीबाट बरामद भएको अवस्थाले यी प्रतिवादी उक्त वारदातमा भरियाको रूपमा नै भए पनि कसुरदार नै रहेको पुष्टि हुन आउँदा निजलाई उच्च अदालत पाटनबाट राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

को दफा २६(१) बमोजिम रू.१०,००,०००।– (दस लाख रूपैयाँ) जरिवाना हुने ठहर्‍याई भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः माथि विवेचित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न प्रमाण, कागजहरूसमेतका आधार र कारणहरूबाट प्रतिवादीहरूमध्येका सोमराज पण्डितलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी उच्च अदालत पाटनबाट मिति २०७६।०४।१४ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ठहर्छ । साथै अर्का प्रतिवादी राजेश ओलीका हकमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ र २६(१) विपरीतको कसुरमा सोही ऐनको दफा २६(१) बमोजिम रू.१०,००,०००।– (दस लाख रूपैयाँ) जरिवाना हुने ठहर्‍याई भएको उच्च अदालत पाटनको उक्त फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-०९७९, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. चिन्की थारू*

पीडित र जाहेरवालीको प्रतिकूल वा अनुकूल बकपत्र मात्र प्रतिवादीलाई सजाय गर्ने आधार हुन सक्दैन । पीडित वा जाहेरवालीको बकपत्रसँग मेल खाने भरपर्दो वस्तुनिष्ठ स्वतन्त्र प्रमाण मिसिल संलग्न देखिनुपर्छ र प्रस्तुत मिसिल संलग्न प्रमाणबाट पीडितको बेहोरा प्रमाणित भएको देखिनुपर्छ । पीडितको बकपत्र निरपेक्ष वा अन्तिम प्रमाण होइन। त्यसको संलग्नता र सम्बद्धता Relevancy अन्य प्रमाणसँग नभएमा पीडितको कागज मात्रलाई आधार लिएर कसैलाई पनि कसुरदार ठहराउँदा फौजदारी न्याय सिद्धान्तको मर्मविपरीत हुन जाने।

अतः माथि विवेचित आधारहरूबाट प्रतिवादी नशा सेवन गरेको बखत १० वर्षको नाबालिग पीडितलाई जबरजस्ती करणी गर्ने मनसायले निजको घरतर्फ लगेको कुरा पुष्टि नभएकोले सुरूको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७५।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : रामाकान्त यादव

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल माघ १५ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-१६००, जबरजस्ती करणी, नेपाल सरकार वि. भद्रबहादुर वि.क. भन्ने भद्रे कामी*

पीडितको शरीरको स्वास्थ्य परीक्षण प्रतिवेदनमा शरीरमा कुनै घाउ चोट निलडाम देखिएको छैन । कन्याजाली च्यातिएको छैन । शारीरिक मानसिक अवस्था ठिक देखिन्छ । योनाङ्गमा वा वरिपरि वीर्य फेला परेको छैन। यी सम्पूर्ण विश्लेषित तथ्यहरूबाट पीडित नाबालिक रूकुम ५४फ उपरमा जबरजस्ती करणीको घटना वारदात भएको नदेखिई जबरजस्ती करणी गर्ने प्रयाससम्म गरेको वारदात स्थापित भएको देखिने।

यस प्रकार प्रतिवादीउपरमा जबरजस्ती करणी महलको १ नं.कसुरमा ३(१) बमोजिम पूर्ण कसुरको दाबी लिइए पनि घटनाको प्रकृतिबाट निज प्रतिवादीको कर्तव्य जबरजस्ती करणीको महलको

१ नं. विपरीत ३(५) को उद्योगसम्मको कसुर भएको कारण उच्च अदालत तुलसीपुरले सुरू अदालतले प्रतिवादीलाई जबरजस्ती करणीको आरोपित कसुरबाट सफाइ दिने गरी गरेको फैसलालाई उल्टी गरी जबरजस्ती करणीको महलको दफा ३(५) बमोजिम उद्योगतर्फ आधी सजाय गरी ५ वर्ष कैद सजाय गरेको मिति २०७५।८।११ को फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : रामाकान्त यादव

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल माघ १५ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-WO-०९४५, उत्प्रेषण, शैलेन्द्र उप्रेती वि. अर्थ मन्त्रालय, सिंहदरबारसमेत*

बोनस वितरण भएको अवस्थामा बोनस प्राप्त गर्ने व्यक्तिको आयमा सो रकम समावेश भई नेपाल सरकारले प्राप्त गर्नुपर्ने आयकर प्राप्त हुने नै हुँदा बोनस व्यवस्थाबापतको रकमलाई आयकर प्रयोजनका लागि खर्च कट्टी दिने व्यवस्था भएको तर बोनस वितरणको लागि छुट्याइएको रकममध्ये वितरण हुन नसकेको रकमका हकमा त्यस्तो रकम विभिन्न प्रतिष्ठानले भिन्न भिन्न प्रयोजनमा खर्च गर्ने हुँदा त्यसरी खर्च गरिएको रकम पारदर्शी हुने नभई आयकर प्रयोजनका लागि खर्च कट्टी लिएको अर्थात् कर नतिरिएको त्यस्तो रकममा नेपाल सरकारले प्राप्त गर्नुपर्ने आयकर प्राप्त नगर्ने हुँदा त्यस्तो रकमको दुरूपयोग हुने हुन्छ । साथै विविध कारणले गर्दा बोनस ऐन, २०३० को प्रावधानबमोजिम व्यवस्था गरिएको रकम वितरण नभएमा वा वितरण भई कुनै रकम बाँकी रहन गएमा के गर्ने भन्ने विषयमा स्पष्ट पार्नुपर्ने आवश्यकता भएअनुसार नै आन्तरिक राजस्व विभागबाट मिति २०७२/११/१८ मा जारी भएको परिपत्र कानूनबमोजिम नै जारी भएको मान्नुपर्ने अवस्था देखिने।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट रिट निवेदकले प्रस्तुत निवेदनमा उठाएका विषयवस्तुबाट निजको के कस्तो मौलिक हक हनन भएको हो भन्ने तथ्य स्थापित गर्न सकेको अवस्था नदेखिएको एवं प्रस्तुत विषयसँग निवेदकको सार्थक सम्बन्ध र तात्त्विक सरोकारसमेत नदेखिएकोले रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल पुस ४ गते रोज ४ शुभम्।

## इजलास नं.१५

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०१७४, बन्दीप्रत्यक्षीकरण, जयकिशोर साह वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

प्रस्तुत मुद्दामा यी निवेदकसमेतलाई थुनामा राख्दा काठमाडौं जिल्ला अदालतबाट विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) को आधारमा मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको देखिन्छ । कानूनतः जिल्ला अदालत सामान्य अधिकारक्षेत्र प्रयोग गर्ने अदालत हो। राजस्व चुहावट मुद्दा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५९ अन्तर्गत पर्दछ । यस्तो कानूनको विषय सारवान् विषय हुन्छ । जिल्ला अदालतले

कार्यविधिको प्रयोग गर्दा उक्त मुद्दामा विशेष कार्यविधि अपनाएको देखियो । फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ मा **"देहायको कुनै कसुरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्ने छ"** सोही दफा ६७ को खण्ड 'ख' मा **"तीन वर्षभन्दा बढी कैदको सजाय हुनसक्ने अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसुर"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । निवेदकउपर दायर गरेको राजस्व चुहावट मुद्दामा अभियोजन पक्षले अधिकतम ३ वर्षको कैदको मागदाबी लिएको र काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनले विशेष कार्यविधि अपनाई आदेश गरेको देखिँदा उक्त दुवै तहका अदालतबाट भएको आदेशमा कार्यविधिगत त्रुटि भएको देखिने ।

निवेदक जय किशोर साहसमेतले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कसुर गरेकोले सोही ऐनको दफा ४ क, ख र घ को कसुरमा ऐ. ऐनको दफा २३(१) को सजाय मागदाबी लिई दायर भएको उक्त राजस्व चुहावट मुद्दामा निवेदक जयकिशोर शाहलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) अनुसार मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतको मिति २०७५।११।२२ को आदेश उच्च अदालत पाटनबाट सदर भई निवेदक थुनामा रहेको देखियो । विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) "ख" को प्रयोग गरी पुर्पक्षका लागि थुनामा राख्न नमिल्ने भनी यस अदालतबाट ने.का.प. २०४८, पृष्ठ ५४, नि.नं. ४२५६, निवेदक रविन्द्र श्रेष्ठसमेत विरूद्ध प्रमुख जिल्ला अधिकारी सल्यान भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा व्याख्या भएको देखिन्छ । उक्त व्याख्या तथा प्रतिपादित सिद्धान्तविपरीत हुने गरी निवेदक जयकिशोर साहलाई लाग्दै नलाग्ने विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) को त्रुटिपूर्ण प्रयोग गरी पुर्पक्षको लागि थुनामा राख्ने भनी गरिएको काठमाडौं जिल्ला अदालतको मिति २०७५।११।२२ को आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७६।२।१६ को आदेश कानून प्रतिकूल देखिँदा उक्त आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरूको मूल्याङ्कन गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ६९ मा भएको कानूनी व्यवस्थालाई दृष्टिगत गरी पुन: थुनछेक आदेश गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : प्रेमप्रकाश थापा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७७ साल माघ १६ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७०-CR-११५५, ०७०-CR-११५४, ०७३-CR-१६६८, विनाइजाजत एक सिङ्गे गैंडाको खाग ओसारपसार, नेपाल सरकार वि. लक्ष्मीचन्द्र चौलागाई, लक्ष्मीचन्द्र चौलागाई वि. नेपाल सरकार, लक्ष्मीचन्द्र चौलागाई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी लक्ष्मीचन्द्र चौलागाईसमेतका अन्य प्रतिवादीहरू स्वयंले नै हतियार प्रयोग गरी वा कुनै प्रकारले गैंडा मारेको नभई भारतीय व्यापारीसँग मिली खाग खरिद गरी नेपालमा

बिक्री वितरणको कारोबार गरेको अवस्थामा ऐनले तोकेको उपल्लो हदमा नै सजाय गर्नु न्यायोचित हुने देखिँदैन । निज प्रतिवादीले नै गैंडा मारेको पुष्टि नभएको तर निजको साथबाट खाग बरामद भएको अवस्थालाई विचार गरी निजलाई १३ वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवाना हुने गरी भएको सुरू जिल्ला वन कार्यालय कैलालीको फैसला केही उल्टी गरी छ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना हुने गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला कानून र न्यायको दृष्टिकोणले मिलेकै देखिने।

प्रतिवादीहरू विनोद विष्ट, मो.वसि सिद्धिकी, तारा साउद र कुलदिप कायस्थको हकमा हेर्दा निजहरू प्रतिवादी लक्ष्मीचन्द्र चौलागाईले कालो ब्यागमा गैंडाको खाग बोकेर गएको अवस्थामा एकसाथ रहेको कुरा तथा प्रतिवादी लक्ष्मीचन्द्र चौलागाई, विनोद विष्ट र मो.वसि सिद्धिकी तीनै जनालाई से. २ प.६३८ र से. २ प.११७२ नं.को मोटरसाइकलसहित पक्राउ गरेको कुरा प्रतिवादीहरूले अनुसन्धान अधिकारी र जिल्ला वन कार्यालयमा साबित भई बयान गरेको देखिन्छ भने रमेशबहादुर चन्दसमेतका वन कर्मचारीहरूले पेस गरेको जाहेरी प्रतिवेदन र घटना प्रकृतिसहितका बरामदी मुचुल्काबाट समेत निज प्रतिवादीहरू खाग बरामद हुँदा वारदातस्थलमा रहेको पुष्टि हुन्छ । तर निज प्रतिवादीहरूले राष्ट्रिय निकुञ्जमा गैंडा मारेको वा निजहरूको साथबाट नै गैंडाको खाग बरामद भएको भन्ने देखिँदैन । कुनै पनि कसुरमा सजाय निर्धारण गर्दा कसुर गर्दाको अवस्था, प्रकृति, निजहरूले निर्वाह गरेको भूमिका, संलग्नता प्रतिवादीहरूले गरेको पटके अपराधसमेतलाई दृष्टिगत गर्दै अपराध गरेकोमा विनाआधार कसुर र सजायबाट छुट दिनसमेत नमिल्ने र अधिकतम सजाय गर्न पनि न्यायका सर्वमान्य सिद्धान्त तथा दण्ड प्रणालीका मान्य सिद्धान्तअनुसार विचार गरी विवेकसम्मत रूपले सजाय निर्धारण गर्नु न्यायोचित हुन जाने हुन्छ । यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(ङ) मा **"कसुरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने"** भन्ने नयाँ कानूनी व्यवस्थासमेत रहेको देखिन्छ । यी प्रतिवादीहरूका साथबाट दशीका कुनै पनि चिज बरामद नभएको र यी प्रतिवादीहरू खाग बेचेर आउने नाफा रकमको केही हिस्सा (कमिसन) पाउने लोभमा परी लक्ष्मीचन्द्र चौलागाईको साथ हिँडेको देखिँदा निजहरूलाई समेत कैदै गर्नुपर्छ भन्ने नदेखिई जरिवाना गर्दासमेत कानूनको मकसद पूरा हुने नै देखिँदा निजहरूलाई रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना हुने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू महेश जोशी र पदमबहादुर बमको हकमा हेर्दा, निज प्रतिवादीहरू अनुसन्धान तथा मुद्दा हेर्ने अधिकारी दुवैतिर कसुर गरेकोमा इन्कार रहेको देखिन्छ । प्रतिवादी लक्ष्मीचन्द्र चौलागाईको बयानमा पदमबहादुर बमलाई खाग बेच्ने ग्राहक खोजिदिनु भनी भनेको र सो कुरा निजले महेश जोशीलाई भनेकोमा महेशले अन्यलाई भनी ग्राहक खोजी बिक्री गर्न लगेको तथा खाग किन्न भारतीय नागरिकलाई लिएर महेश जोशीको पसलमा ल्याई खाग लिई आउनु भनी मो.वसि सिद्धिकीले भनेपछि रिक्साबाट एल.एन. चोक महेशको पसलमा गई गैंडाको खाग देखाएको भन्ने उल्लेख गरे पनि सो कुरा वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन भने उक्त समयमा आफू उपचारको लागि काठमाडौंमा रहेको भन्ने विनोद विष्टको बयानका

सम्बन्धमा थप अनुसन्धान गरी सत्यतथ्य बुझेको अवस्था पनि देखिँदैन। फौजदारी कसुरमा कसुरदार ठहर गर्न मालाकार रूपमा प्रमाणहरू मिसिलमा भएको देखिनुपर्छ । सहअभियुक्तको पोल, बयान अनुसन्धानसँग गाँसिएर सँगसँगै सुरूदेखि अन्त्यसम्म वस्तुपरक र सिलसिलेवार तवरले मिलेर आएको भए मात्र प्रमाणको रूपमा ग्रहण गर्न सकिन्छ। खरिदकर्ता भनिएका भारतीय नागरिक पक्राउ पर्न नसकेको अवस्थामा केवल लक्ष्मीचन्द्र चौलागाई आफू कसुरमा साबित भई प्रतिवादी महेश जोशी र पदमबहादुर बमले भारतीय ग्राहक खोजेको हो भनी गरेको पोल बयानलाई अन्य प्रमाणहरूबाट समर्थित नभएको अवस्थामा त्यसलाई मात्र आधार मानी कसुरदार ठहऱ्याई फौजदारी दायित्व बोकाउनु न्यायोचित देखिँदैन । प्रस्तुत कसुरमा यी प्रतिवादीहरूको संलग्नता स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि नभएको अवस्थामा केवल सहअभियुक्तको पोलका आधारमा मात्र निजहरूलाई सुरू कार्यालयले कसुरदार ठहर गरेको देखिँदा उक्त फैसला उल्टी गरी निजहरूलाई सफाइ हुने गरी भएको पुनरावेदन अदालतको फैसला निजहरूको हकमा समेत मिलेकै देखिने।

तसर्थ, जिल्ला वन कार्यालय कैलालीबाट मिति २०६९।४।३१ मा प्रतिवादीमध्येका लक्ष्मीचन्द्र चौलागाई, विनोद विष्ट, मो.वसि सिद्धिकी, कुलदीप कायस्थ तथा तारा साउदलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम रू.७५,०००।– (पचहत्तर हजार रूपैयाँ) जरिवाना र १३ (तेह्र) वर्ष कैद तथा प्रतिवादी महेश जोशी र पदमबहादुर बमलाई रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना र सात वर्ष कैद तथा बरामद भएका से. २ प.६३८ र से. २ प.११७२ नं.को मोटरसाइकल एवं ३ थान मोबाइल जफत हुने गरी भएका फैसला केही उल्टी गरी प्रतिवादीमध्येका लक्ष्मीचन्द्र चौलागाईबाट एकसिङ्गे गैंडाको खाग बरामद भएको हुँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम छ वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना हुने, प्रतिवादीहरू विनोद विष्ट, मो.वसि सिद्धिकी, तारा साउद र कुलदीप कायस्थलाई जनही रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने, प्रतिवादी महेश जोशी र पदमबहादुर बमले अभियोग दाबीबाट सफाइ पाउने तथा बरामद भएका मोटरसाइकलहरू एवं मोबाइलका साथै खाग बरामद भएको कालो झोलासमेत जफत हुने गरी भएको पुनरावेदन अदालत दिपायलको मिति २०७०/६/१३ को फैसला कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल माघ २ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७७-WH-०१८५, बन्दीप्रत्यक्षीकरण, गोपाल भन्ने अंगत खत्री वि. भक्तपुर जिल्ला अदालतसमेत*

निवेदक पक्राउ परेको मिति २०७५।६।२ देखि हालसम्म अर्थात् आजको दिन २०७७।१०।१२ सम्म थुनामा रहँदा २।४।१० (दुई वर्ष चार महिना दश दिन) समेत थुनामा रहेको र अनुसन्धानको क्रममा धरौट बुझाई थुनामुक्त हुँदाको दिनसम्म बसेको थुना ०।७।२६ (सात महिना छब्बिस दिन) समेतले जम्मा ३।०।०६ (तीन वर्ष छ दिन) थुना र कैदमा बसेको देखिँदा यी निवेदकलाई लागेको छ

महिना कैद अनुसन्धानको क्रममा पक्राउ भएदेखि धरौट दाखेल गर्दाका दिनसम्म थुनामा रहेको अवधि ०।७।२६ सात महिना छब्बिस दिनबाट पहिले नै भुक्तान भएको देखिन्छ । जरिवाना नबुझाए यी निवेदकले कतिसम्म जरिवानाबापत कैद बस्नुपर्ने हो ? सो नै मुख्य निर्णयको विषय रहेको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिनको ३००।– का दरले कट्टा गर्दा जरिवानाबापत जम्मा ७ महिना २४ दिन कैद सजाय गर्नुपर्ने हुन्छ । तर यी प्रतिवादीलाई लागेको कैद ०।६।० पहिले नै भुक्तान भइसकेको र जरिवानाबापत कैद गर्दा जरिवानाको अधिकतम हद रू.७०,०००।– कायम गरी कैदी पुर्जी दिई कैदमा राख्नुपर्नेमा जरिवानाबापत ४(चार) वर्ष कायम गरी दिएको कैदी पुर्जी मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ विपरीत भई यी निवेदकलाई लागेको कैद जरिवानासमेत भुक्तान भइसकेपछि पनि बढी कैदमा बसेको पाइने ।

निवेदक मिति २०७५।६।२ देखि जरिवानाबापत थुनामा रहेकोमा उल्लिखित कानूनी व्यवस्थाअनुसार थुनामा बस्नुपर्ने अवधि ७ महिना २४ दिन भुक्तान भइसकेको देखिँदा ४ (चार) वर्ष कैद तोकी दिइएको कैदी पुर्जी बदर भई थुनामुक्त गर्नुपर्ने देखियो । निवेदकलाई बिगोबापत थुनामा राख्नलाई पनि मिति २०७५।११।१४ को थुनुवा पुर्जीअनुसार थप १(एक) वर्ष कैद तोकिएकोमा सो १ वर्ष कैदसमेत गरी १ वर्ष ७ (सात) महिना २४ (चौबिस) दिन बसिसकेको देखिँदा बिगोबापतको कैदसमेत भुक्तान भइसकेको देखिन आउने ।

तसर्थ, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन गर्ने र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) बमोजिम परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ मा तोकिएभन्दा बढी सजाय गर्न मिल्ने देखिएन । यी रिट निवेदकलाई अदालतको फैसलाबमोजिम ठगी मुद्दामा लागेको कैद ०।६।० बिगोबापतको कैद १।०।० र जरिवानाबापत बस्नुपर्ने अधिकतम कैद ०।७।२४ समेत जम्मा २।१।२४ कैद बस्नुपर्नेमा निवेदक ३।०।०६ दिन कैद बसिसकेको देखिएबाट निज हाल गैरकानूनी रूपमा थुनामा रहेको देखिन आयो । निवेदक गोपाल भन्ने अंगत खत्रीलाई अन्य मुद्दा वा कारबाहीको सिलसिलामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: प्रेमप्रकाश थापा

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ साल माघ १२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री पुरुषोत्तम भण्डारी र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०१८८, बन्दीप्रत्यक्षीकरण तथा उत्प्रेषण, उद्धवराज पाण्डे वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

कुनै पनि कसुरका सम्बन्धमा पछि जारी भएको नयाँ संहिता वा एकीकृत कानून वा तिनीहरूमा संशोधन गरेको दफाले सजाय घटाएको वा अभियुक्तलाई सुविधा दिएको छ भने कानूनमा स्पष्टरूपमा अन्यथा व्यवस्था गरेकोमा बाहेक अन्य अवस्थामा सिद्धान्तः त्यस्तो पछिल्लो कानून वा दफाको प्रयोग गर्ने गरिन्छ । निवेदकउपर चलेको मुद्दा तत्कालीन मुलुकी ऐन, २०२० को खोटा चलनको महलको ८ नं. तथा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(१) अन्तर्गत चलेको भए तापनि

मिति २०७५।५।२६ मा उच्च अदालत पाटनबाट फैसला हुँदाका बखत मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ लागु भइसकेको छ। यी ऐनमा साबिकको मुलुकी ऐन तथा अन्य ऐनबमोजिम कसुर कायम गरी दायर भएका फौजदारी मुद्दामा साबिकको ऐनले भन्दा घटी सजाय तोकेको रहेछ भने त्यसलाई कसरी कार्यान्वयन गर्ने भनी व्यवस्था गरेको छ। हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा **"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ।"** भन्ने प्रस्ट कानूनी व्यवस्थाका साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा **"...कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ।"** भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त दुवै ऐनका प्रावधान हेर्दा कुनै कसुरमा पछि बनेको ऐनमा कम सजाय हुने रहेछ भने पछि बनेको ऐनबमोजिम कम सजाय नै लागु हुने देखिन आयो। उपर्युक्त कानूनको सन्दर्भमा हाल खोटा चलनसम्बन्धी कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा २५७(२) बमोजिम जरिवाना रू.७०,०००।- मात्र हुने व्यवस्था रहेको छ। उक्त जरिवानाबापत कैद गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिनको रू.३००।- का दरले कट्टा गर्दा ७ महिना २४ दिन कैद हुने।

यी निवेदक उद्धवराज पाण्डे मिति २०७२।१२।२२ देखि थुनामा रहेकोमा निजलाई लागेको कैद ४ वर्ष ६ महिना मिति २०७७।०६।२१ मा भुक्तान भई मिति २०७७।६।२२ देखि हालसम्म जरिवानाबापत थुनामा रहेकोमा उल्लिखित कानूनी व्यवस्थानुसार मिति २०७७।६।२२ देखि जरिवानाबापत थुनामा बस्नुपर्ने अवधि ७ महिना २४ दिन थप गर्दा निवेदकको मिति २०७८।०२।१६ मा जरिवानाबापतको कैदसमेत भुक्तान भई मिति २०७८।०२।१७ मा निज थुनाबाट छुट्नुपर्ने देखिन आयो। हालको विद्यमान कानूनी व्यवस्थाको आधारमा उक्त कसुरमा जरिवानाबापतको कैदसमेत जोड्दा निवेदक मिति २०७८।०२।१७ गते छुट्ने देखिँदा निजलाई जरिवानाबापत समेत लाग्ने कैद ठेक्दा निज मिति २०८७।०६।२१ सम्म थुनामा बस्नुपर्ने भई ऐ.२२ गते थुनामुक्त हुने भनी कैद ठेकी दिएको काठमाडौं जिल्ला अदालतको मिति २०७७।०४।१८ को संशोधित कैदी पुर्जी कानूनबमोजिम भएको नदेखिने।

अत: निवेदक उमादेवी पाण्डेको उपर्युक्तानुसार काठमाडौं जिल्ला अदालतको मिति २०७७।०४।१८ को संशोधित कैदी पुर्जीबमोजिम जरिवानाबापतको कैद मिति २०८७।०६।२१ गतेसम्म हुने नभई मिति २०७८।०२।१६ मा जरिवानाबापतको कैद भुक्तान हुने देखिँदा कैद भुक्तान हुने अवधि बाँकी नै देखिएको र जरिवानाबापत रकम बुझाइसकेको अवस्थासमेत नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन कानूनबमोजिम जरिवानाबापत बस्नुपर्ने कैद मिति २०७८।२।१६ सम्म बाँकी रहेको देखिँदा मिति २०८७।६।२१ सम्म थुनामा बस्नुपर्ने भनी काठमाडौं जिल्ला अदालतबाट भएको मिति

२०७७।४।१८ को कैदी पुर्जी उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निजलाई संशोधित कैदी पुर्जी दिनु र जरिवानाबापतको कैदमा निज मिति २०७७।०६।२२ देखि हालसम्म थुनामा रहेकोले सो थुनाको दिनलाई जरिवानाबापतको रकममा कट्टी गरी जरिवानाबापत बाँकी रकम बुझाए र निजलाई अन्य कुनै मुद्दामा थुनामा राख्न नपर्ने भए थुनाबाट मुक्त गरिदिनु भनी परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: प्रेमप्रकाश थापा

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ साल माघ १२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CI-०१४७, निषेधाज्ञा, नवराज पराजुली वि. जिल्ला प्रशासन कार्यालयसमेत*

आफ्नो कानूनी हक अधिकारमा आघात पुग्ने गरी कसैबाट कुनै कार्य गर्ने आशङ्का विद्यमान भएको अवस्थामा मात्र निषेधाज्ञा जारी हुन सक्छ । सुरू अदालतको फैसलाबमोजिम श्रीमती र छोरा कायम भइसकेपश्चात् पुनरावेदकका श्रीमती र छोराले नागरिकताको प्रमाण पत्र पाउँ भनी निवेदन दिएको र श्रीमती छोराले नागरिकताको प्रमाण पत्र बनाउँदा यी पुनरावेदकको कुनै कानूनी हक अधिकारमा आघात पुगेको भन्ने मान्न सकिएन । मुद्दा विचाराधीन अवस्थामा रहेको भन्ने जिकिरतर्फ विचार गर्दा अंशलगायत माना चामल मुद्दाहरू हाल विचाराधीन अवस्थामा रहेका र ती मुद्दाहरूमा पछि ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी विपक्षीहरूले कानूनबमोजिमको सबै प्रक्रिया पूरा गरी नागरिकताको प्रमाण पत्र लिइसकेको अवस्था हुँदा जिल्ला प्रशासन कार्यालयबाट विपक्षी राहुल बस्नेतको नागरिकतामा गैरकानूनी किसिमबाट सनाखत गराउन खोज्ने तथा थुन्ने धम्की दिने जस्ता कार्य भएको भनी पुनरावेदकले लिएको आशंकाको स्थिति नै समाप्त भइसकेको देखिँदा निवेदकको हक अधिकारमा आघात पुग्ने गरी कानून प्रतिकूल काम कारबाही भएको वा कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेको भनी मान्न सकिने अवस्था नदेखिने ।

अतः अंशलगायत माना चामल मुद्दासमेत अदालतमा विचाराधीन रहेबाट उक्त मुद्दाहरूमा ठहरेबमोजिम हुने नै हुँदा र विपक्षी तुलसा बस्नेत र राहुल बस्नेतले नागरिकता ऐन, २०६३ तथा नियमावली २०६३ बमोजिमको प्रक्रिया पूरा गरी नागरिकतासमेत लिई पाइसकेको देखिँदा भइसकेको कार्यको सम्बन्धमा निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था नदेखिएको र अदालतमा चलेका मुद्दाहरूमा ठहरेबमोजिम हुने नै हुँदा र जुन कार्य गर्न लागेको भनी निषेधाज्ञाको माग गरेको हो सो कार्य भइसकेकोमा निषेधाज्ञाको आदेश जारी हुनुपर्ने अवस्था र कारणसमेत नदेखिँदा निवेदकको निवेदन जिकिर खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।५।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: देविमाया खतिवडा (देविना)

इति संवत् २०७७ साल पौष २९ गते रोज ४ शुभम् ।